
# लेखापरीक्षण प्रतिवेदन

# ज्वालामूखी गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ज्वालामूखी गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/260

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

ज्वालामूखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

धादिङ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड ७१ लाख ६५ हजार,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ७७ लाख ६ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.८ लाख९० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३७ लाख २० हजार, प्रकोप व्यवस्थापन कोषको रु.१५ लाख र राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजनाको रु. १ लाख समेत गरी रु.१८ करोड १० लाख ८१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब ४९ करोड ९० लाख ९६ हजार लेखापरीक्षण गरिएकोमा रु.२ करोड ९५ लाख ७७ हजार बेरुजू देखिएकोमा रु.२९ लाख ५४ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु रु.२ करोड ६६ लाख २३ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रु. २२ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.७७ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख २१ हजार रहेको छ।गत वर्ष सम्म रु.१८ करोड २८ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २० करोड ८६ लाख ६४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ज्वालामूखी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम

आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी ज्वालामूखी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | १२५ | २,९५,७७,४३० | ० | ४५ | २९,५४,००० | ० | ६६ | ८० | २,६६,२३,४३० | २२,४९,२२४ | १,६६,२१,२३२ | ७७,५२,९७४ | ० | ० | २,४३,७४,२०६ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | १८,२८,४०,९९२ | ० | १२,३६,५०० | १८,१६,०४,४९२ | ४,३६,५०० | २,६६,२३,४३० | २०,८६,६४,४२२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६६ | प्रमाण नरहेको : | ८,३६,५०० |
| २ | २०७९/८० | २६ | पेश्की बाकी | ४,००,००० |
| ३ | २०८०/८१ | ८६ | लेखापरीक्षण प्रतिवेदन - | ४०,००० |
| ४ | २०८०/८१ | ५२ | बैठक भत्ता - | १६,५७५ |
| ५ | २०८०/८१ | ७३ | प्रोत्साहन भत्ता - | १,७७,४२३ |
| ६ | २०८०/८१ | ८४ | प्रमाण पेश गर्नुपर्ने - | २२,५०,००० |
| ७ | २०८०/८१ | ८५ | पाठ्य पुस्तक - | १,११,९९७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ६६ | दोहोरो भुक्तानी - | १,२०,२०० |
| ९ | २०८०/८१ | ८३ | छात्रवृत्ति रकम - | ४६,४०० |
| १० | २०८०/८१ | ३५ | करार सेवाका कर्मचारीलाई महंगी भत्ता - | ४८,००० |
| ११ | २०८०/८१ | ७१ | औषधि खरिद | १,२८,४०५ |
| १२ | २०८०/८१ | ५ | अनुदान फिर्ता - | १५,००० |
| जम्मा | | | | ४१,९०,५०० |

# (८०३३०५०५३०० - ज्वालामूखी गाउँपालिका, धादिंग )

## परिचय

१ **परिचय-**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ज्वालामूखी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु ज्वालामूखी गाउँपालिकाको उद्देश्य रहेको छ । यस ज्वालामूखी गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ११४.०५वर्ग किलोमिटर क्षेत्रफल तथा २४,६५३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०। ५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८१।०५।६ देखी ०५।१० सम्म ५ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा एवं आन्तरिक लेखापरीक्षण समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तिय पक्षका अलवा पालिकाको व्यवस्थापिकय, न्यायिक र अन्य विषयगत विषयहरुको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरु विशेष जोड दिईएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फको रु.१ अर्ब ४९ करोड ९० लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,९६,२६० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | ८००० |
| २ | राष्ट्रपति रनिङ सिल्ड सहयोगी भत्ता बढी भुक्तानी | २८०५० |
| ३ | बढी भुक्तानी | ७३३५ |
| ४ | तालिम अवधिको दोहोरो भत्ता | १६८७५ |
| ५ | सामाजिक सुरक्षा फिर्ता | ३३६००० |
| | जम्मा | ३९६२६० |

२ **एकीकृत आर्थिक विवरण -**

ज्वालामूखी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८० को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| | आय | | | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ४४५००००० | १ | चालु | ४२०२२८९७५.२ |
| | संचित कोष | ३०८१५४६३.५ | २ | पूजिगत | ११९७८७४७७.१ |
| | विविध कोष खाता | ८१७२०९६ | ३ | वित्तीय व्यवस्था खर्च | |
| | धरौटी मौज्दात | ५५१२४४०.५४ | ४ | विविध कोष खर्च | १६२६२२८५.५१ |
| | नगद | | ५ | धरौटी फिर्ता | ० |
| २ | यस वर्षको धरौटी आम्दानी | | ६ | अन्य खर्च | १७७६७४७४८.६ |
| ३ | आन्तरिक राजश्व आम्दानी | १४६८८१५८४ | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९०००० |
| | आन्तरिक राजश्व | ५५४८४२१९.२ | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७०६००० |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १५७४७८३२.९ | | सामाजिक सुरक्षा तथा संरक्षण | १५६६७८८३१.६ |
| | राजश्व बाँडफाँड संघिय सरकार | ७५६४९५३१.६ | | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजना | ० |
| | अन्य आय | | | स्वास्थ्य क्षेत्र सुधार | १५००००० |
| ४ | संघिय सरकारबाट प्राप्त अनुदान | ३२६४१८२३६ | | प्रकोप व्यवस्थापन कोष | ८९९९१७ |
| | वित्तीय समानीकरण अनुदान | ११७२७३००० | ७ | मौज्दात | २०५२८१८७.२४ |
| | सशर्त अनुदान चालु | २०३८७५९८५ | | बैक मौजदात | १२७०४८६८.३५ |
| | सशर्त अनुदान पूजिगत | ५२६९२५१.१८ | | विविध कोष खाता | १३९२७५०.०४ |
| | समपुरक अनुदान | ० | | धरौटी मौज्दात | ८९६७२३७.७७ |
| | विशेष अनुदान | ० | | नगद | ० |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ६८७९१००० | | प्रकोप व्यवस्थापन कोष | १९६३३३१.०८ |
| | वित्तीय समानीकरण अनुदान | १३३९७००० | ८ | फिर्ता | २५११०३५४.४५ |
| | सशर्त अनुदान चालु | १५८९४००० | | सामाजिक सुरक्षा तथा संरक्षण | ४८६१६८.४५ |
| | सशर्त अनुदान पूजिगत | ४५००००० | | स्वास्थ्य क्षेत्र सुधार | २२२०००० |
| | समपुरक अनुदान | २५०००००० | | संघिय र प्रदेश अनुदान फिर्ता | २२३०४१८६ |
| | विशेष अनुदान | १००००००० | | राष्ट्रिय सूचना व्यवस्थापन तथाअनुगमन योजना | १००००० |
| ६ | विषयगत निकायबाट प्राप्त अनुदान | १९७७२१२०८ | | | |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९०००० | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७०६००० | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १५७१६५००० | | | |
| | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजना | १००००० | | | |
| | स्वास्थ्य क्षेत्र सुधार | ३७२०००० | | | |
| | | १५००००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रकोप व्यवस्थापन कोष | | | | |
| | विविध कोष खाता | १६६४०२०८ | | | |
| | जम्मा | ७८४३१२०२८.०७ | | जम्मा | ७८४३१२०२८.०७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय प्रतिवेदन -**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५,७१,६५,०००।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,७७,०६,०००।-, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.८,९०,०००।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३७,२०,०००।- प्रकोप व्यवस्थापन कोषको रु.१५,००,०००।- राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजनाको रु १,००,०००।०० समेत गरी रु. १८,१०,८१,००० सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेको पाइएन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेता पनि सोमा समावेश भएको रकम म.ले.प.फा.नं. २७० को वित्तिय विवरणमा समावेश हुँदैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।म.ले.प.फा.नं २७० अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,७१,५६,०४३।९६ मौज्दात रहेकोमा यो वर्ष रु.७,६४,४३,७३४।८४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४,९२,८७,६९०।८८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु.. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६३०१६२६.६४ | ३९०० | १६२९७७२६.६४ |
| चालु खर्च खाता | ५७९५३६२.४२ | २५८८८.८२ | ५७६९४७३.६ |
| पुँजीगत खर्च खाता | १५००००० | ६५३.३७ | १४९९३४६.६३ |
| विविध खर्च खाता | २०३३६५७.४९ | १३९२७५०.०४ | ६४०९०७.४५ |
| विपद व्यवस्थापन खाता | १९६३३३१.०८ | १९६३३३१.०८ | ० |
| स्थानीय विभाज्य कोष | ५६५५२५ | ५६५५२५ | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ३२१६१८४.८४ | ३२१६१८४.८४ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | (९६६३७३३.६२) | ० | (९६६३७३३.६२) |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | २१७११९५३.८५ | ७१६८२३३.१३ | १४५४३७२०.७ |
| **जम्मा** | | | १४५४३७२०.७ |

३.५ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२५,८८८.८२, पुँजीगत खातामा रु.६५३.३७, समेत रु.२६,५८२.१९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.६ फरक हिसाब - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ३१९४३७३४.८४ , यस वर्षको प्राप्ति रु. २४९३८६८३४.२७,यस वर्षको भुक्तानी रु.२१९०४७३८८.५१ र बैङ्क मौज्दात रु. १८६८७५८३.६४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७६४४३७३४.८४ | ४९०४२५१९३.८० | ५४०२३६४५२.३२ | ४३७१५७७०.८८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४४५००००० | ७३९८१२०२८.०७ | ७५९२८३८४०.८३ | २५०२८१८७.२४ |
| फरक | ३१९४३७३४.८४ | २४९३८६८३४.२७ | २१९०४७३८८.५१ | १८६८७५८३.६४ |

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा ऐनको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गराएको पाइएन।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा गराएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन।

•दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन दिने गरेको पाईएन।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

५ **अनुदान फिर्ता** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६ **अबण्डा बजेट** -

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.२५ लाख बजेट अबण्डा राखी प्रमुखको तोक आदेशबाट ७ वटा योजना सञ्चालन भएको छ भने विभिन्न विपन्न, आर्थिक अवस्था कमजोर भएका १२ जना व्यक्तिलाई रु. ५००० देखि रु. २०००० सम्म आर्थिक सहायता वितरण लगायतको कार्यमा रु. १९१०२५० खर्च गरेको छ ।

| क्र स | अवण्डा बजेट रु. | संचालित योजना संख्या | खर्च रु. |
|---|---|---|---|
| १ | १०,००००० | १२ | २५२००० |
| २ | १५,००००० | ७ | १६५८२५० |
| जम्मा | २५००००० | १९ | १९१०२५० |

बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका योजनहरुमा बजेट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७ **बजेट खर्च** -

वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम रहेको छ ।

| **कुल बजेट** | **कुल खर्च** | **चालु खर्च रु.** | **प्रतिशत** | **पूँजीगत खर्च रु.** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| ६३३१५०८८२.८९ | ५४०२३६४५२.३२ | ४२०४४८९७५.२३ | ६६.४० | ११९७८७४७७.०९ | १८.९१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६३ करोड ३१ लाख ५१ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ४२ करोड ४ लाख ४९ हजार र पूँजीगत तर्फ रु. ११ करोड ९७ लाख ८७ हजार गरी कुल खर्च रु. ५४ करोड २ लाख ३५ हजार अर्थात १८.९१ प्रतिशत पूँजिगतमा र ६६.४० प्रतिशत चालुमा खर्च भएको छ । पूँजिगत बजेट विनियोजन तथा खर्च बृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ ।

८ **खर्च विश्लेषण** -

पालिकाले यस वर्ष कूल आन्तरिक आयवापत रु ५,५४,८४,२१९।१५ राजश्व वाँडफाँडबाट रु ९,१३,९७,३६४।५६ र अन्य आय तर्फ रु ५९,२९,३०,४४४।३६ आम्दानी भएकोमा चालु तर्फ रु ४२ करोड ४ लाख ४९ हजार र पूँजीगत तर्फ रु ११ करोड ९७ लाख ८७ हजार गरी कूल खर्च रु ५४ करोड २ लाख ३६ हजार खर्च भएको छ ।खर्च मध्ये आन्तरिक स्रोतको अंश १०.२७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी नियमित सुविधा तर्फ रु.५८,९७,८३२।९२ खर्च भएको छ ।आन्तरिक आयको १०.६२ प्रतिशत पदाधिकारी

सुविधामा खर्च भएको छ । यसबाट प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माणमा खर्च गरिनुपर्दछ ।

## ९ क्षेत्रगत बजेट र खर्च -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५७५७०००० | ४४८६९९५२.४० | ७७.९४ |
| सामाजिक विकास | २८१४२८००० | २५४२५८६१४.२७ | ९०.३५ |
| पूर्वाधार विकास | ११०९८६१५१ | ८१८००९१४.०९ | ७३.७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८२१५००० | ६१३२८६७ | ७४.६५ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १७४९५१७३१.८९ | १५३१७४१०४.५६ | ८७.५५ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९०.३५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात् ७४.६५ प्रतिशत खर्च भएको छ ।

## १० त्रैमासिक पूँजीगत खर्च -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ५२६९८९१ | ० | १९९९९४८ | ० | ३२६९९४३ | ३२६९९४३ |
| २ | प्रदेश पूँजीगत | २०००८०१० | ० | ० | ० | १५२६७३३३ | १५२६७३३३ |
| ३ | गाउँपालिका पूँजीगत | ९४५०९५७६ | ० | २०९४५०० | ३२६९९७७७ | ५९७१५२९९ | २८३१८५५३ |
| | कूल खर्च | ११९७८७४७७ | ० | ४०९४४४८ | ३२६९९७७७ | ७८२५२५७५ | ७८२५२५७५ |
| | खर्च प्रतिशत | १०० | ० | ३.४२ | २७.२९ | ६२.८२ | ६२.८२ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ वार्षिक रु.११९७८७४७७ निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च नभएको, दोस्रो त्रैमासिकमा रु.४०,९४,४४८।- (३.४२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३,२६,९९,७७७।- (२७.२९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७,८२,५२,५७५।- (६२.८२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७,८२,५२,५७५।- (६२.८२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ११ ठेक्का अभिलेख -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२ **निर्माण कार्य व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(८) तथा सोही नियमावलीको नियम ९७ बमोजिम पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ४६६ | ९ | ५,७०,००,००० | ४५७ | ७३,५०,००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४६६ योजनामा मध्ये ठेक्का मार्फत ९ वटा योजनामा रु.५ करोड ७० लाखमा ठेक्का सम्झौता गरेको देखिन्छ भने उपभोक्ता समिति मार्फत ४५७ योजनामा रु.७३ लाख ५० हजार खर्च गरेको देखिन्छ ।पालिकाबाट यस वर्ष संचालित योजनाहरुमा सडक पिच २.५ किलोमिटर, ग्रावेल ८२७० घनमिटर र नयाँ ट्र्याक ५ किलोमिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१३ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधी तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गरिनुपर्दछ।पालिकाले कार्यविधी तथा मापदण्ड तयार नगरी यस वर्ष अध्यक्षको तोक आदेशका आधारमा रु. २ लाख ५२ हजार र स्वास्थ्य शाखाको सिफारिसका आधारमा विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचारमा मासिक रु. ५००० का दरले रु.२३ लाख ६० हजार समेत रु.२६ लाख १२ हजार यस वर्ष आर्थिक सहायता वितरण गरेको छ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ।

१४ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनितिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५ **योजना छनौट र कार्यान्वयन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन सघाउ पुर्याउने र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू.१ लाख भन्दा कमको योजना | १३ | ६५०००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ३२६ | ६०३००००० |
| ३ | रू.३लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५८ | २४३००००० |
| ४ | रु.५लाख देखि माथि रू.१० लाख सम्मका योजना | ५२ | ४१६००००० |
| ५ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | ११ | १८००००००० |
| ६ | रू.२० लाख भन्दा माथीका योजना | ६ | १६००००००० |
| जम्मा | | ४६६ | १६०८५०००० |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना १३, १ लाख देखि ३ लाख सम्मका योजना ३२६, ३लाख देखि ५ लाख सम्ममा ५८, ५ लाख देखि १० लाख सम्मका ५१, १० लाख देखि २० लाख सम्मका ११, र २० लाख देखि माथिका ६ गरी ४६६ योजनामा रु १६ करोड ८ लाख ५० हजार विनियोजन गरी वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमीकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

१८ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु.६३ करोड ३१ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

१९ **ठेक्का प्रतिस्पर्धा** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६ देखि ४६ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | बोलपत्रदाताको नाम |
|---|---|---|---|---|---|---|
| १ | हुलाक भञ्याङ सालबास चैनपुर बुङकोटघाट सडक निर्माण | १० | ८९,४२,७१६.०३ | ६१३०३६२.६० | ३३.०३ | पाठकएण्ड सन्स कन्ट्रक्सन प्रा.लि |
| २ | साँधभञ्याङ खरी बुङकोटघाँट सडक निर्माण | ११ | ८८७९९१५.७९ | ५९५६९००.४० | ३४.४५ | पाठकएण्ड सन्स कन्ट्रक्सन प्रा.लि |
| ३ | पाल्पाभञ्याङ मैदी सडक निर्माण | ७ | ४३६५१५३ | २४३७५०१ | ४५.६० | हरे कृष्णा प्रा.लि |
| ४ | ससाह अमाराइ सातदोबाटे दर्बुङघाट सडक स्तरोन्नति | १० | ८८७२०९२.५० | ६२९२६८० | ३०.७३ | पाठकएण्ड सन्स कन्ट्रक्सन प्रा.लि |
| ५ | कोले रानास्वारा सिरिसपानी सडक निर्माण | २ | ४४४१८९५.६८ | ३६१६९९६.७० | २१.५९ | पाठकएण्ड सन्स कन्ट्रक्सन प्रा.लि |
| ६ | देउराली धुलिमैदान सातदोबाटे सडक निर्माण | २ | ४५०९९६५.४६ | ३७११३३३.७० | २०.७५ | पाठकएण्ड सन्स कन्ट्रक्सन प्रा.लि |
| ७ | नाङगेरह लिफ्टिङ खानेपानी योजना | ४ | ४७२६८३५.२९ | ३६४५१२४.५० | २५.५६ | ओम शंकर कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि |
| ८ | काउले डाँडा डिप बोरिङ्ग एक घर एक धारा आयोजना | ४ | ४८६२६३३.३३ | ३७३९७१६.२० | २४.८६ | ओम शंकर कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि |
| ९ | जोगेटार भसभसे खोला झुलुङ्गे पुल निर्माण | ४ | १७७१८८८.०३ | १६७२८८७.९१ | ५.५९ | जुनकिरी इन्ड्रस्टिज प्रा.लि |

२० **ठेक्का बन्दोवस्त -**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ९ | ६२०००००० | ४ | २०८१७४४४ | ४ | १४७१३१७१ | १ | १६७२८७८ | ९ | ६२०००००० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. ६ करोड २० लाख लागतको ९ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.२ करोड ८ लाख १७ हजारको ४ ठेक्का, दोश्रो चौमासिकमा रु.१ करोड ४७ लाख १३ हजारको ४ ठेक्का र तेश्रो चौमासिकमा रु.१६ लाख ७३ हजारको १ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ६ करोड २० लाख बराबरका ठेक्का सम्पन्न भएको अवस्था छ ।

२१ **परामर्श सेवा खरिद -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष कोटेशन विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. ५३९३१२२.७५ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.५३९३१२२.७५ भुक्तानी गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ ।परामर्शबाट खरिद गरिएको सेवाको कार्यान्वियन हुन सकेको देखिएन भने निजले दिएको प्रतिवेदन सम्पत्तिको रुपमा अभिलेखाङ्कन गरेको पाइएन । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउने र सो को पर्याप्त विश्लेषण गरि कार्यान्वियनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | साँधभञ्ज्यायाङ रानाचौतारी सातदोबाटे काफलस्वारा मजुवाटार र सो संग जोडिएको सहायक सडकहरु.को प्रारम्भिक वातावरणी परिक्षण प्रतिवेदन | ग्रिन इनोभेटिभ डेभलोपमेन्ट कन्सल्टेन्सी प्रा.ली | १८९७२१३.५० | १८९७२१३.५० | १०० | सिलकोटेशन |
| २ | हुलाकभञ्ज्यायाङ सालबास बुङकोटघाट र साँधभञ्ज्यायाङ खरी बुङकोटघाट र सो सँग जोडिएको सहायक सडकहरुको प्रारम्भिक वातावरणीय प्रतिवेदन | साउन्डनेश इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली | १९९०१८४.२५ | १९९०१८४.२५ | १०० | सिलकोटेशन |
| 3 | मैदीभञ्ज्यायाङ दोभानटार गैरी गाउँ रातमाटे बेलघारी | डि मेट्ररक्स इन्जिनियरिङ सर्भिस | १५०५७२५ | १५०५७२५ | १०० | सिलकोटेशन |
| | **जम्मा** | | ५३९३१२२.७५ | ५३९३१२२.७५ | | |

२२ **धरौटी कारोबारको लेखा -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी जम्मा गर्ने, नियम ६५ मा एकल कोष खातामा जम्मा गर्ने तथा नियम ६४ (१)मा कार्यालयले आफ्नो नामबाट एकल खाता कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने साथै (२) मा कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकि रहेको धरौटी अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्ने तथा प्रत्येक बर्ष धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी कुन काम बापत धरौटी जम्मा हुन आएको हो सो व्यहोरा समेत खुलाई सार्नु पर्ने कुरा उल्लेख छ। पालिकाले आ.व. ०७९।८० को रु.३३,३४,४८४.८४।- अघिल्लो आर्थिक बर्षको जिम्मेवारी नसारको र आ.व ०८०।८१ मा बैङ्क नगदी किताबमा देखाएको को

रु. ५६,३२,७५२.९३ धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखेको पाइएन।अतः धरौटी खाता अद्यावधिक गरी राख्नुपर्दछ।

२३ **सेवा प्रवाहको स्थिति** -

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा देहाय बमोजिम सेवा प्रवाह गरेको छ ।जसमा जन्मदर्ता ६८४, मृत्यु दर्ता २२७, बसाईसराई दर्ता ७६, विवाह दर्ता २८६, सम्बन्ध विच्छेद दर्ता ३७ गरी १३१० जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित १६, भुमिहिन सुकुम्वासी १२, अव्यवस्थित बसोवास ११५३ गरी ११८१ जनाको लगत संकलन गरेको छ ।

२४ **नक्सा दर्ता र पास** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| **क्र.सं.** | **आर्थिक वर्ष** | **नक्सा दर्ता संख्या** | **नक्सापास संख्या** |
|---|---|---|---|
| १ | २०८०।८१ | १६ | १६ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा १६ वटा नयाँ नक्सा दर्ता र १६ वटा नक्सापास गरेको छ ।

२५ **कानुन निर्माण** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका,कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १. | ऐन | २६ |
| २. | नियमावली | ७ |
| ३. | कार्यविधि तथा निर्देशिका | ७३ |
| ४. | नीति | ८ |
| | **जम्मा** | ११३ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका २६ ऐन, ७ नियमावली, ७३ कार्यविधि तथा निर्देशिका र ८ नीति गरी जम्मा ११३ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।सोही ऐनको दफा १०२ को ४ अनुसार यसरी बनाएका ऐन, नियमावली कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन ।

२६ **राजश्व अभिलेख** -

पालिकाले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकामा यस वर्ष आन्तरिक आय रु. ५,५४,८४,२१९.१५ असूली भएको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी ठेली के कति छन एकिन गर्न सकिएन ।प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक पद्धति नभएकाले कति राजस्व उठने हो

एकिन गर्न सकिएन । पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११८ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

२७ **सफ्टवेयर सञ्चालन** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्षसम्म देहायबमोजिमका सफ्टवेयरहरु सञ्चालन गरेको छ ।

| क्र सं | सफ्टवेयरको नाम | प्रयोगको अवस्था | रकम रु. |
|---|---|---|---|
| १. | अनलाईन योजना संचालन तथा भुक्तानी सफ्टवेयर | प्रयोगमा रहेको | ३४२००० |
| २. | अनलाईन दैनिक प्रशासन तथा दर्ता चलानी सफ्टवेयर | प्रयोगमा रहेको | २५०००० |
| ३. | अनलाईन कर संकलन प्रणाली | प्रयोगमा रहेको | १००००० |
| ४. | अनलाईन करदाता पोर्टल | प्रयोगमा रहेको | २२५००० |

२८ **कर संकलन** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५६,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ११७००००० | १२२७६९४०.२३ | १०४.९३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा १०४.९३ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२९ **करको दायरा** -

आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छः

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ८८२५ | ६९६९ | ७८.९६ | १८५६ | २१.०४ |
| व्यवसाय कर | ६५१ | ५३२ | ८१.७२ | ११९ | १८.२८ |

सम्पत्तिकर तर्फ २१.०४ प्रतिशत, व्यवसायकर तर्फ १८.२८ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अत: पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३० **वन पैदावर** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा सामुदायिक वनबाट आय प्राप्त गर्नका लागि सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र यसरी वन पैदावरबाट बिक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकामा पेश गर्नुपर्ने व्यवस्था भएपनि पालिकामा यस्ता समिति गठन भएको पाईएन ।

३१ **ढुङ्गा गिटी वालुवाको ठेक्का आम्दानी सम्बन्धमा** -

३१.१

**आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले ढुगां गिटी वालुवामा आय ठेक्का लगाउँदासम्झौतामा दोस्रो पक्षले दाखिला गर्नुपर्ने व्यवस्था गरेकोमा मूल्य अभिवृद्धि कर रु.४,५५,७१८।- असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **व्यवसायी** | **न्यूनतम कायम रकम** | **कबोल रकम** | **मूअकर** |
|---|---|---|---|---|
| १ | गार्भी एण्ड निभी कन्ट्रक्सन | २३,००,००० | २३,०५,५२५ | २९९७१८.०० |
| २ | रेहान्स कन्ट्रक्सन एण्ड सप्लार्यस | १२,००,००० | १२,००,१०० | १,५६,००० |
| **जम्मा** | | | | **४५५७१८.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५५,७१८ |

३१.२ कति ढुङ्गा गिटी वालुवा संकलन तथा विक्री वितरण गरियो सोको परिमाण खुल्न सकेन ।

३२ **दरबन्दी र पदपूर्ती** -

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

| क्र.स | स्वीकृत पद | संख्या | पदपूर्ति(आषाढ मसान्तको स्थिति) | | | | रिक्त पद | प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | | | | | | |
| २ | इन्जिनियर | १ | | | १ | | | | |
| ३ | लेखा अधिकृत | १ | | | | | | | |
| ४ | प्रशासन | २ | १ | | | | | १ | |
| ५ | शिक्षा | १ | | | | | | १ | |
| ६ | आन्तरिक लेखापरिक्षक | १ | | | | | | १ | |
| ७ | सहायक प्रशासन | ४ | | | | | २ | २ | |
| ८ | कम्प्युटर अपरेटर | १ | | | १ | | | | |
| ९ | लेखा सहायक | १ | | | | | | १ | |
| १० | प्रास | १ | | | | | | | |
| ११ | हेड | १ | १ | | | | | | |
| १२ | सब इन्जिनियर | ४ | | | | | | ३ | |
| १३ | असब-इन्जिनियर | ५ | | | | | | ५ | |
| १४ | स.महिला विकास निरिक्षक | १ | | | | | १ | | |
| १५ | खा पा स टे | १ | | | | | १ | | |
| १६ | अधिकृत कृषि /भेट | | १ कृषि | | | | | १ पशु आठौं | |
| १७ | प्राविधिक सहायक पाचौं कृषि/भेट | ४ | | | | | १ | ३ | |
| १८ | प्राविधिक सहायक चौथो कृषि/भेट | ५ | | ३ | | २ | २ | | एक गाउँ एक प्राविधिक 3 जना |
| १९ | सहायक पाचौ | ३ | | | | | | ४ जना वडा सचिव | १जना संघीय सेवाको कर्मचारी |
| २० | सहायक चौथो | ४ | | | | | | १ वडासचिव | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | सहायक चौथो | ८ | | | | | ८ | | |
| २२ | कार्यालय सहयोगी तहविहीन | | | | | | | | |
| | जम्मा | ५० | ४ | ३ | २ | १६ | १५ | २४ | |

पालिकाबाट प्राप्त विवरण अनुसार ५० दरबन्दी रहेकोमा स्थायी २८ जना, साविक स्थानिय तहबाट ३ जना, करारबाट १८ जना गरी ३५ पदपूर्ति भएकोमा १५ पद रिक्त रहेको छ ।दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह गर्नुपर्दछ ।

३३ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी २८ जना पालिका तर्फका स्थायी कर्मचारीलाई रु. १,५३,५४,२०३.३८ र स्वास्थ्य तर्फका १९ जना स्थायी कर्मचारीलाई रु.१,५२,९१,७८३.५४ समेत ४७ जना स्थायी कर्मचारीलाई रु. ३,०६,४५,९८६.९० तलब भुक्तानी गरेको छ ।तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेखिनुपर्दछ ।

३४ **कर्मचारी करार -**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने, कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । तर पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायका कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३९,२३,१६६।- भुक्तानी गरेको पाइयो । यसरी नियममा भएको व्यवस्था विपरीत कर्मचारी नियुक्ति गरी तलब भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| प्रशासन सहायक | ८ | २९७५४४० |
| ना प्रा स | २ | ५२०००० |
| अमिन | १ | ४२७७२६ |
| जम्मा | ११ | ३९२३१६६ |

| | |
|---|---|
| अनियमित भएको | ३९,२३,१६६ |

३५ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता -**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी सम्बन्धित स्थानीय तहहरुलाई गराएको देखिन्छ । तर पालिकाले करारमा कार्यरत ८ जना कर्मचारीलाई मासिक रु.२,०००।०० का दरले १२ महिनाको भुक्तानी गरेको महंगी भत्ता रु.१,९२,०००।०० उल्लेखित परिपत्र विपरित देखिएकाले उक्त रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३५.१ | इन्जिनियर श्री जयराम अर्याल | २४,००० |
| ३५.२ | कार्यालय सहयोगी श्री गोविन्द तिमल्सेना | २४,००० |
| ३५.३ | कार्यालय सहयोगी श्री चिरञ्जिवी अधिकारी | २४,००० |
| ३५.४ | कार्यालय सहयोगी श्री तोरण बहादुर पल्नी मगर | २४,००० |
| ३५.५ | कार्यालय सहयोगी श्री राममाया लोहनी | २४,००० |
| ३५.६ | ह.स.चा. श्री राकेश दवाडी | २४,००० |
| ३५.७ | ह.स.चा. श्री राममणी अर्याल | २४,००० |
| ३५.८ | हेभि सवारी चालक श्री बुद्धिमान शाक्य | २४,००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९२,००० |

३६ **कर्मचारी प्रोत्साहन भत्ता -**

बाम्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले मिति २०८० असार १० गतेको एघारौं गाँउ सभाको निर्णय नं ४३ अनुसार प्राविधिक कर्मचारीलाई फिल्डमा खटिएको आधारमा कम्तिमा २० देखि ३० प्रतिशत सम्म फिल्ड भत्ता र अन्य कर्मचारीलाई खाईपाई आएको तलबमा १५ देखि ४० प्रतिशत सम्म प्रोत्साहन भत्ता भुक्तानी गर्ने निर्णय गरेको देखियो ।पालिकाले प्रोत्साहन तथा फिल्ड भत्ता वापत २२ जना कर्मचारीलाई रु.२७,७४,९६४।- खर्च गरेको देखिएको छ । पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा कार्यसम्पादक सूचक बेगर नियमित कार्यालय समयमा कार्य गरे वापत १० जना स्थायी कर्मचारीलाई रु.१८,९४,२६३।९० प्रोत्साहन भत्ता तथा १२ जना प्राविधिकलाई अनुगमन मूल्याङ्कन भत्ताबाट प्रोत्साहन स्वरुप फिल्ड भत्ता रु.८,८०,७००।- भुक्तानी गरेको छ । प्रोत्साहन भत्ता भुक्तानी गर्दा प्रदेश कानून अनुसार तोकिएको विधि अवलम्बन गरी कार्य सम्पादन सूचक बेगर खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३७ **करारका कर्मचारीहरुलाई कर्मचारी कल्याण कोष कट्टी -**

३७.१ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४/१/२५ पत्र र संघीय सरकार, अर्थ मन्त्रालयको मिति २०७९/१/२१ को परिपत्र अनुसार अस्थायी/करार सेवामा कार्यरत कर्मचारीलाई उपलब्ध गराउने थप सेवा/सुविधा बारे उल्लेख गरिएको छ ।पालिकाले पालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलबबाट ५ प्रतिशत रकम कट्टा गरी उक्त रकममा तलबको ५ प्रतिशत रकम पालिकाले थप गरी हुन आउने तलबको १० प्रतिशत रकम कर्मचारी कल्याण कोषमा दाखिला गरेको छ ।यो वर्ष पालिकाले ४१ जना करारका कर्मचारीहरुलाई भुक्तानी दिएको रु.६,१७,४४४।– प्रचलित कानूनी व्यवस्था एवं संघीय र प्रदेश सरकारले अवलम्वन गरेको अभ्यास अनुकुल समेत देखिएन । त्यसैगरी पालिकाले यस्तो निर्णय गर्दा त्यसले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तह समेतलाई पार्न सक्ने आर्थिक दायित्व र ती निकायहरुको क्षमता समेतका आधारमा विश्लेषण हुनुपर्दछ । त्यसैले उक्त खर्च सम्बन्धमा नेपाल सरकारबाट निर्णय भई नसकेको अवस्थामा पालिकाबाट भुक्तानी भएको रकम असूल गरी पालिकाको संचित कोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,१७,४४४ |
|---|---|

३७.२ सोही कोषमा पालिकाले थप रु.१०,००,०००।-(दस लाख) रुपैया ट्रान्फर गर्ने गरी आगामि बर्षको लागिमिति २०८१।०३।१० को निर्णय अनुसार दायित्व सिर्जना गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

३८ **अवकास कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा योगदानमा आधारित उपदान वा निवृतिभरण औषधी उपचार लगायतको सुविधा उपलब्ध गराउनका लागी दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाइपाई आएको तलवबाट १० प्रतिशत कट्टा गरी अवकास कोषको व्यवस्था गरीने भनिएता पनि पालिकामा अवकास कोष स्थापना भएको पाइएन।

३९ **कानूनी सल्लाहकार** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी रु. ४ लाख ६१ हजार ४९० खर्च भएको छ । स्विकृत दरबन्दी नभएको अवस्थामा सल्लाहकार नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४० **विद्यालयका लेखा परीक्षक नियुक्तिका सम्वन्धमा** -

पालिकाको आर्थिक ऐन २०८० अनुसार सामुदायिक विद्यालयका विद्यालयहरुमा वाह्य लेखा परीक्षक नियुक्तिका लागि सुचीकृत हुनको लागि (क) वर्गका लागि रु.२०,०००।- (ख) बर्गका लागि रु.१५,०००।- (ग) वर्गका लागि रु.१२,०००।- र (घ) वर्गका लागि रु.१०,०००।- रकम पालिकामा बुझाएपछि मात्र सुचिकृत हुन सकिने र सोको आधारमा विद्यालयहरुमा लेखा परीक्षक नियुक्ति हुने व्यवस्था गरेकोमा सुचिकृत हुनकै लागि पनि पालिकालाई शुल्क बुझाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

४१ **औषधि खरिद** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम १ ( क ) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझौ खरीद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पबमा सुचना प्रकाशन नगरी सोझै विधिवाट रु २८,७९,०००। को खरीद गरेको छ ।यस वाट आपुर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञ वाट मुचुल्का उठाइ राख्ने नगरेको , आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन । औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

४२ **बढी भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित आवश्यक प्रमाण कागजात हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका निर्माण व्यवसायीहरुलाई वीमाको रकम भुक्तानी गर्दा वील भन्दा बढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

| सि न | भौ न मिति | काम | निर्माण व्यवसायी | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ५१-२०८१।३।२१ | देउलाली धुली मैदान छोरी गण्डकी सातदोवाटो वाटो निर्माण | पाठक एण्ड सन्स | २३०५९ | ४०००० | १६९४१ |
| २ | ४४-२०८१।३।१७ | कोले सानास्वारा सिसिरपानी दारोगौडा सडक | | २२५७४ | ४०००० | १७४२६ |
| जम्मा | | | | | | ३४३६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,३६७ |

४३ **संघीय सरकार पुजिगत तर्फ -**

संघीय सरकार बाट हस्तान्तरित कार्यक्रमका लागि पालिका अन्तर्गत आधारभुत स्तरको अस्पताल को लागि रु. २५ लाख रकम विनियोजन गरिएको तथा कृषि तथा पशुपन्छी बजारीकरण का लागि कृषि एम्वुलेन्स खरीदका लागि रु.१९ लाख ७५ हजार बजेट गरी जम्मा रु. ४४ लाख ७५ हजार बजेट विनियोजन भएकोमा सो कार्यक्रम संचालन हुन सकेन भने उक्त रकम पालिकाले आफ्नो वार्षिक योजना तथा कार्यक्रममा समेत समावेश गर्नुपर्नेमा सो समेत गरेको पाइएन ।

४४ **प्रदेश सरकार समपुरक योजना -**

४४.१ प्रदेश सरकार समपुरक योजनामा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

(क) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ४ बमोजिम प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । साथै बुँदा नं.८(क) बमोजिम स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ, साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरण रकम फिर्ता गर्ने व्यवस्था अनुसार संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट देहायका योजनामा प्राप्त रकम पचास प्रतिशत पालिकाले व्यहोर्नु पर्नेमा प्रदेश सरकार निम्नानुसारका योजना मा ५०।५० लाख रकम विनियोजन गरेकोमा प्रदेश सरकार बाट आएको रकम मात्र खर्च गरेको देखिन्छ भने पालिकाले समपुरक रकम खर्च गरेको देखिएन यसरी निर्देशिका बिपरित खर्च गरेको रकम प्रदेश सञ्चित कोष मा फिर्ता गर्नुपर्ने रु.

| **क्र.स.** | **योजनाको नाम** | **विनियोजित बजेट रु.** | **सम्झौता रकम रु.** | **प्रदेश सरकारले व्यहोर्नुपर्ने रु.** | **प्रदेश सरकारको बजेट खर्च रु.** | **प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु.** |
|---|---|---|---|---|---|---|
| १ | ससाह अमराई सातदोवाटो दुर्बुङ घाट सडक | १करोड | ७१७०७२८.४० | ३५८५३६४.२ | ५०,००,००० | १४,१४,६३५ |
| २ | साघ भञ्ज्याङ खरी बुङ्कोटघाट सडक | १ करोड | ६७,९१,२९७ | ३३,९५,५६८.५० | ५०,००,००० | १६,०४,३५१.५० |
| **जम्मा** | | | | | | ३०,१८,९८६.५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,१८,९८६ |

४४.२

(ख) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ४ बमोजिम प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ ।पालिकालाई देउराली धुलीमैदान छोरीगण्डकी सातदोवाटो सडकको लागि ५० लाख , कोले रानास्वारा सिरिसपानी दारेगौडा सडकको लागि ५० लाख र पाल्पा भञ्ज्याङ मैदी सडक का लागि ५० लाख प्रदेश सरकारबाट रकम विनियोजन भएकोमा पालिकाले सो आयोजना हरुमा पचास प्रतिशत रकम विनियोजन नगरी प्रदेश सरकार वाट आएको रकम मात्रको टेण्डर आह्वान गरी देउराली धुलीमैदान छोरीगण्डकी सातदोवाटो सडकमा रु.४१,४५,४२२.६२, कोले रानास्वारा सिरिसपानी दारेगौडा सडकमा रु.४०,०४,४१३.५५ र पाल्पा भञ्ज्याङ मैदी सडक मा रु.१९,८१,७३७.०० खर्च भएको छ । प्रदेश सरकारको रकम मात्र खर्च गरी समपुरक निर्देशिका सि.न. ८ मा अनुदान रकम खर्च गर्ने कार्यविधि प्रक्रिया को (ख ) स्थानीय तहले प्राप्त गर्ने समपुरक अनुदान बजेट तथा कार्यक्रम समावेश गरेर मात्र खर्च गर्नु पर्नेमा पालिकाले आफ्नो श्रोत समावेश नगरी खर्च गरेको नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०१,३१,५७३ |

४५ **निर्माण कार्यमा ढिलाई** -

सार्वजनिक खरीद नियमावली २०६४ अनुसार १५ शैयाको अस्पताल निर्माणका कामको ढिलाइ सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

(क) सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२ वमोजिम सार्वजनिक खरीद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । पालिकाद्धारा एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत रु.१७,३४,२०,३१३।८६ लागत अनुमान रहेको १५ शैयाको अस्पताल निर्माणको लागि रु.११,३६,३०,२६८।६१ मा विकोइ/जयमाता जे.भी संग मिति २०७९।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।२।१४ मा सम्झौता भएको देखिन्छ ।पालिकाले दोश्रो पटक २०८०।८।२८ मा निर्णय गरी मिति २०८१ असार मसान्ततक म्याद थप गरेकोमा निज लाई २०८१ असार मसान्ततक रु.२,८४,७७,१२१।६३ भुक्तानी भएको छ भने २०८१ असार मसान्त पछी म्याद थप भएको छैन । असार मसान्ततक भौतिक प्रगति १७.५१ प्रतिशत भएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(६) मा निजले म्याद थप भएपछि कार्यतालिका सहित निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालयले अनुगमन गर्नुपर्नेमा सो समेत गरेको पाइएन ।

| सि न | विवरण | ठेक्का रकम | सम्पन्न गर्नु पर्ने अवधि | हाल सम्म भुक्तानी रकम | वितिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | १५ शैयाको अस्पताल निर्माण | ११,३६,३०,२६८.६१ | २०८१।असार मसान्ततक | २,८४,७७,१२१.६३ | २५.०६ | १७.५१ |

**(ख) भेरिएशन आदेश सम्वन्धमा** - सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न नसकिएमा सम्झौता कार्यान्वियनको क्रममा सृजना भए सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था रहेको छ। यसरी भेरिएशन आदेश जारी गर्दा भेरिएशन परमाणको प्राविधिक पुष्ट्राइ र कारण सहित पेश गर्नु पर्ने व्यवस्था रहेको छ । १५ शैयाको अस्पतालको कुल भौतिक प्रगति १७.५१ प्रतिशत मात्र भएकोमा पालिकाले मिति २०८०।८।१४ को कार्यपालिकाको निर्णय अनुसार शुरु सम्झौता रकम रु.११,३६,३०,२६८.६१ मा १४.९८ प्रतिशत भेरिएशन आदेश जारी गरी रु.१३,०६,५१,०९२.५३ नयाँ सम्झौता रकम कायम भएको छ । यसरी भेरीएशन आदेश जारी गर्दा सोही नियमावलीको नियम ११८ को (ग) र (घ) मा लागत अनुमानमा प्रभाव पर्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे नपरेको खुलाउनु पर्नेमा सो समेत खुलाएको पाइएन साथै सोहि नियमावलीको नियम ११८(ख) अनुसार भेरिएसन परिमाणको प्राविधिक पुष्ट्रयाई समेत पेश हुन सकेन ।

**(ग) पेश्कि सम्वन्धमा** - सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ मा आपुर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको अधिनमा रही खरीद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्कि दिन सकिने व्यवस्था अनुसार १५ शैयाको अस्पताल निर्माण का

लागि निर्माण व्यवसायी विकोइ/जयमाता जे भी लाई भौ.न १२९५ मिति २०७८।३।७ मा रु.१,१३,६३,०००।- र भौ.न १२९६ मिति २०७८।३।२४ मा रु.१,१३,६३,०००।- गरि जम्मा रु.२,२७,२६,०००।- पेश्कि दिएकोमा सार्वजनिक खरीद ऐनको दफा ५२ (क) मा सार्वजनिक निकायलले खरीद सम्झौता पश्चात आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई बैंक जमानतको आधारमा २० प्रतिशत सम्म पेश्कि दिन सकिने व्यवस्था भएकोमा सम्झौता रकम रु.११,३६,३०,२६८.६१ मा मु.अ. कर कटाई रु.२,०१,११,५५१।- दिनुपर्नेमा रु.२,२७,२६,०००।- दिएको र पेश्कि लगेको ३ वर्ष आ.व २०८०।८१ सम्म मात्र १७.५१ प्रतिशत मात्र काम भएको छ ।लामो समय सम्म पेश्कि फर्छयौट हुन सकेको छैन ।यसमा पालिकाले आवश्यक ध्यान दिनु पर्ने देखिन्छ ।

४६ **खरीद सम्झौता वेगर खरीद कार्य** -

४६.१ खरी स्वास्थ्य चौकी स्वास्थ्य सामाग्री खरीद सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

(क ) २।२०८०।८।१४ सार्वजिनक खरीद नियमावली २०६४ को नियम ८५ १(क) अनुसार पच्चिस लाख रुपैयासम्मको औषधी जन्य मालसमान सोझै खरीद गर्न सकिने व्यवस्था रहेको र यसरी सोझै खरीद गर्दा उपलव्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसमान खरीद गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले खरी स्वास्थ्य चौकी मा ल्याव तथा उपकरण खरीद गर्नका लागि सिलवन्दी दरभाउ पत्रका आधारमा सुचना प्रकाशन गरी ३ वटा फर्म मध्ये सवैभन्दा कम दररेट पेश गर्ने विभुति मेडिटेक इन्टरनेशनलसंग सम्झौता वेगर वील राखि खरी स्वास्थ चौकीको खातामा रु.९,९९,९४८।- निकासा दिएको देखिएको छ ।सामान खरीद एउटा पार्टीबाट गरेको छ भने सामानको भुक्तानी स्वास्थ्य संस्थालाई दिएको देखिएकोले जुन फर्मवाट सामान ल्याइएको हो उसलाई नदिई स्वास्थ्य संस्थालाई भुक्तानी दिएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९९,९४८ |

४६.२ (ख) ३।२०८०।८।१५ सार्वजिनक खरीद नियमावली २०६४ को नियम ८५ १(क) अनुसार दश लाख रुपैया सम्म लागत अनुमान भएको मालसमान सोझै खरीद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले खरी स्वास्थ्य चौकी का लागि ल्यापटप, कम्पुटर डेक्सटप लगायताका सामान नेपलिज कम्युटर सेन्टर बाट खरीद गरि सम्झौता वेगर रु.१०,००,०००।- स्वास्थ्थ संस्था खरीलाई भुक्तानी दिएको छ। सामान खरीद एउटा पार्टी रहेको छ भने सामानको भुक्तानी स्वास्थ्य संस्थालाई दिएको देखिएकोले जुन फर्मबाट सामान ल्याइएको हो उसलाई नदिइ स्वास्थ्य संस्थालाई भुक्तानि दिएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

४७ **सहकारी संस्थाको विवरण** -

पालिकामा यस आर्थिक वर्षसम्म रहेका सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु.** | **बचत रु.** | **ऋण लगानी रु.** | **जगेडा कोष** |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ५ | ३७४१ | २४५८५५०० | २२०५५७२४५ | ३९०५७६५१० | ४९०८४१३ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ३ | ५४१ | १०९५६०० | १०७९४०३ | १३३०००० | ९०८७८१ |
| कृषि सहकारी संस्था लि. | १५ | ८६२२ | ८४९७७०० | ४१२४८६१८२ | ६८९३७३९५६ | ११९७७५०७ |
| **जम्माः** | **२३** | **१२९०४** | **३४२७८८००** | **६३४१२२८३०** | **१०८१२८०४६६** | **१७७९४७०१** |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनिपालिकालेतोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी

व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गरिनुपर्दछ ।

४८ **उपभोक्ता समिति परिचालन तथा व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क) खर्चको अनुमोदन -** नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

**ख) प्राविधिक विल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन ।जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

**घ) हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

**ङ) लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**च) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

४९ **मर्मत संभार कोष** -

पालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधि २०७९ को वुँदा नं ४ अनुसार नगरक्षेत्र भित्रका भौतिक पुर्वाधार सम्पदा उपकरण आदिको समयमा नै मर्मत संभार गरी मितव्ययीता कायम गरी पुर्वाधारलाई नियमित संचालन योग्य र दिगो वनाउन सञ्चालित कोषमा उपभोक्ता समितिवाट सञ्चालन हुने पुर्वाधार सम्वन्धि नगरक्षेत्र भित्रका विभिन्न योजनाको मर्मत सम्भारवापत कट्टा हुने ५ प्रतिशत रकम लगायत विभिन्न श्रोतवाट प्राप्त हुने रकम जम्मा हुने उल्लेख छ साथै वुँदा नं १० मा संञ्चालन हुने योजनाको अनुगमन समितिवाट नियमित रुपमा अनुगमन हुने उल्लेख छ । पालिकाले मर्मत सम्भार कोषमा हालसम्म जम्मा भएको रकम, रु ५३ लाख ९८ हजार ४५४ मा रु ५३ लाख १३ हजार ८८९ खर्च भएको छ । सो को सञ्चालन तथा सञ्चालित योजना कार्यक्रमको अनुगमन तथा प्रगति पेश भएको छैन । सोको प्रगति विवरण पेश हुनुपर्दछ ।

५० **दोहोरो यातायात भत्ता** -

बागमती प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची १(क) मा पदाधिकारीले पाउने सुविधाको बारेमा उल्लेख छ। जसमा सवारी साधन उपलब्ध नभएमा गाउँपालिकाका वडाध्यक्षलाई मासिक यातायात खर्च वापत रू.४,०००।- दिने व्यवस्था रहेको छ ।पालिकाबाट निम्नानुसारका वडाध्यक्षले मोटरसाईकल सवारी साधन लिएर पनि ऐन विपरित २०८० श्रावण देखि चैत्र सम्म ९ महिनाको यातायात खर्च समेत लिएको देखिएकोले दोहोरो सुविधा वापतको रकम सम्बन्धित पदाधिकारीबाट असूल गर्नु पर्ने रू.

| वडा नं. | वडा अध्यक्षको नाम | दोहोरो भुक्तानी महिना | रकम |
|---|---|---|---|
| १ | कृष्ण गिरी | ९ | ३६००० |
| २ | राजु लोप्पा | ९ | ३६००० |
| ३ | उमेश श्रेष्ठ | ९ | ३६००० |
| ४ | कृष्ण वहादुर गुरु.ङ् | ९ | ३६००० |
| ६ | किशोर सिढाई | ९ | ३६००० |
| ७ | ज्ञानेन्द्र बहादुर खकुराल | ९ | ३६००० |
| जम्मा | | | २१६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१६,००० |

५१ **बिल बेगर भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले देहायका व्यक्ति तथा फर्मलाई भुक्तानी दिँदा विल तथा प्रमाण कागजात संलग्न नरहेकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| भौनं मिति | भुक्तानी पाउनेको नाम | विवरण | रकम |
|---|---|---|---|
| २०८।२०८०।११।२ | प्रेन्डसीप जनसेवा मिडिया प्रालि | ३नं वडाको भुक्तानी दिनु भन्ने सिफारिस पत्रको आधारमा | २४६२५ |
| ४११।०८१।२।९ | सिर्जना ढुङ्गाना | इन्टरनेट वापतको भुक्तानी | ९१७५ |
| ४१२।२०८१।२।९ | सामुदायिक मातृशिशु स्वास्थ्य सेवा विन्दु देउराली | बिल भरपाई तथा प्रमाण कागजात बेगर भुक्तानी | २००००० |
| **जम्मा** | | | **२३३८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३३,८०० |

५२ **बैठक भत्ता** -

२२२/०८०/११/१४ बाग्मती प्रदेशको स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारीहरुको बैठक भत्ता प्रति बैठक रु.१,०००।- हुने उल्लेख भएकोमा निजी जग्गा सरकारी निकायलाई उपलब्ध गराउन उपयुक्त भए नभएको सिफारिस समितिको ४ बैठकमा अमिन श्री रमेश दुवाडिलाई प्रति बैठक रु.१,५००।- का दरले भुक्तानी भएकाले प्रति बैठक कर बाहेक रु.४२५।- का दरले बढी भुक्तानी भएको रु १७०० असुल गरी स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

५३ **गाडिभाडा वापत भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न व्यक्तिलाई गाडिभाडा बापत भुक्तानी भएकोमा उक्त गाडी कुन प्रयोजनमा कसले प्रयोग गरेको खुल्ने प्रमाण कागजात नराखि गाडी चालकको निवेदन लाईसेन्स तथा विलबुकको आधारमा भुक्तानी भएको देखिएकोले कुन प्रयोजनको लागि कसले प्रयोग गरेको खुल्ने प्रमाण कागजात अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नुपर्ने देखिएको रु.

| गोभौनं मिति | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|
| ७७।०८०।६।२५ | निवेदनको आधारमा भुक्तानी | इस्वती श्रेष्ठ | ४२०७५ |
| ८३।०८०।७।२ | निवेदनको आधारमा भुक्तानी | मोतिराम इटानी | १९९८० |
| ९३।०८०।७।२ | निवेदनको आधारमा भुक्तानी | गोपाल तिवारी | १७१०० |
| १८२।०८०।१०।२१ | निवेदनको आधारमा भुक्तानी | ३ जनालाई भुक्तानी | ६०००० |
| २१०।२०८०।११।२ | निवेदनको आधारमा भुक्तानी | विनोद श्रेष्ठ | १८००० |
| २२५।२०८०।११।१५ | निवेदनको आधारमा भुक्तानी | सुनिल श्रेष्ठ | २७००० |
| जम्मा | | | **१८४१५५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८४,१५५ |

५४ **जिन्सी दाखिला नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयले आफुले खरिद गरेका, अन्यत्रबाट सहायता स्वरुप प्राप्त भएका वा कुनै प्रकारले हस्तान्तरण भएका जिन्सी सामाग्रीको विवरण र मूल्य समेत खुलाई जिन्सी आम्दानी अद्यावधिक पर्ने व्यवस्था छ । पालिका तथा वडाले खरिद गरेका देहाय बमोजिमका जिन्सी सामानहरु दाखिला भएको नदेखिएकाले उक्त सामान स्टोर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | खरिद कर्ता | भौ.नं.। मिति | आपूर्तिकर्ता | सामानको विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | ४ नं वडा कार्यालय | ३६। ०८०। ०५।५ | कैलाश ट्रेडर्स तथा निर्माण सेवा प्रा लि | २० वण्डल २६ गज पेल्न सिट | १७८१८६ |
| २ | प्रविधि व्यवस्थापन तथा तालिम कार्यक्रमखर्च वापत वडा नं ५ले खरिद गरेको | ३२६। ०८०। १२।२५ | एपि सेन्ट्रल रिजन मल्टिपर्पोजज प्रालि | कम्प्यूटर ल्यापटप प्रिन्टर सिसिटिवि क्यामरा प्रोजेक्टर टिवि लगायत विद्धुतिय सामाग्री खरिद गरेकोमा जिन्सि दाखिला नगरेको | ६००००० |
| ३ | वडा कार्यालय व्यवस्थान मार्फत वडा नं २ ले खरिद गरेका | ३२९। ०८०। १२।२५ | आर एन वि कन्स्ट्रक्शन एण्ड सप्लायर्स | Hs cooler १ थान | २८००० |
| | | ३२९। ०८०। १२।२५ | मोर्डन कम्प्यूटर लिंक | डेल ल्यापटप ३ थान | २५१००० |
| ४ | वडा नं ४को वडा व्यवस्थापन तथा अतिथि सत्कार शिर्षकबाट खरिद गरिएको | ५२०। ०८१।३। २१ | मन्डली विजनेश लिंक | डेल ल्यापटप १ थान | ७०६२५ |
| | | | | जम्मा | ११२७८११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२७,८११ |

५५ **पाइप खरिद -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा विजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था गरेको छ ।पालिका तथा वडा कार्यालयले विभिन्न मितिमा कैलाश ट्रेडर्स एण्ड निर्माण सेवाबाट पाइप खरिद गरेको बिजकको आधारमा मात्र भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा जिन्सी दाखिला माग गर्दा प्राप्त हुन नसकेकोले उक्त सामाग्री PAMS मा दाखिला गरेको प्रमाण साथै पाइपहरु कुन योजना तथा क्षेत्रमा प्रयोग गरिएको हो सोको प्राविधिक नापजाँच सहितको कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.स. | भौ.नं. र मिति | आपूर्तिकर्ता | सामानको विवरण | रकम भ्याद समेत रु.. |
|---|---|---|---|---|
| १ | ५८।२०८०।५।२८ | कैलाश ट्रेडर्स एण्ड निर्माण सेवा | बिभिन्न साइजका HDPE pipe खरिद | ९६९६२६ |
| २ | ५५९।०८१।३।२४ | कैलाश ट्रेडर्स एण्ड निर्माण सेवा | बिभिन्न साइजका HDPE pipe खरिद | ८०८७६२ |
| ३ | ७५।०८०।६।२५ | कैलाश ट्रेडर्स एण्ड निर्माण सेवा | HDPE Pipe २० एम एम PN१६ | २००००० |
| **जम्मा** | | | | १९७८३८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७८,३८८ |

५६ **नपाउने सुविधा** -

बागमती प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची १(क) मा कार्यपालिका सदस्य र वडा सदस्यहरुले इन्धन वापतको सुविधा नपाउने व्यवस्था छ ।पालिका अन्तरगतका कार्यपालिका सदस्य रहेका ५ जनाले न्यूनतम १० लिटर देखि अधिकतम ११० लिटरसम्म २३० लिटर र ९ जना वडा सदस्यले न्यनतम २० लिटर देखि अधिकतम १०० लिटरसम्म ४०० समेत कुल जम्मा ६३० लिटर पेट्रोलको कुपन पालिका बाट लिएको देखिन्छ । यसरी ऐनले व्यवस्था गरे विपरीतको सुविधा प्रदान गर्दा पालिकालाई नेपाल आयल निगमको २०८१ असार मसान्तको तेलको मूल्यले प्रतिलिटर रु.१७० का दरले हिसाब गर्दा आउने रकम रु. १,०७,१००।- खर्च भएको छ ।आगामी दिनमा ऐन नियम विपरीतका सेवा सुविधा भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ ।

५७ **उपभोक्ता समितिबाट सामाग्रि खरिद** -

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा नियमावली नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई रोजगारी श्रृजना गर्ने जस्ता निर्माण कार्य वा सो संग सम्बन्धी सेवा उपभोक्ता मार्फत गराउन सक्ने व्यवस्था रहेको छ साथै सामाग्री खरिदका लागि मात्र उपभोक्ता समिति गठन गरी कार्य गर्ने सक्ने व्यवस्था नदेखिएकोले यस पालिकामा सामाग्री खरिदको निमित्त मात्र उपभोक्ता समिति गठन गरी सामाग्री खरिद गर्ने कार्यमा उपभोक्ता समितिको लाभग्राही हिस्सा संलग्न नहुने अवस्थामा समेत उपभोक्ता समितिबाट सामाग्री खरीद गर्ने कार्यलाई नियमित मान्न सकिएन।यस सम्बन्धी केही उदाहरणहरु देहायबमोजिम छन् ।

| गो भौ नं र मिति | उपभोक्ता समिति | सामाग्रि | रकम |
|---|---|---|---|
| ३३७।२०८१।१।३ | दुग्ध संकलन तथा जेनेरेटर खरिद उपभोक्ता समिति | जेनेरेटर | ८७३००० |
| ३६४।२०८१।१।२४ | पूर्ण सरसफाई कार्यक्रम उपभोक्ता समिति | डस्टबिन फिल्टर | १४५५०० |
| ३५४।२०८१।१।१२ | मनकामना सामुदायिक विकास समूह क्याट्रिङ सामान खरिद उपभोक्ता समिति | प्लास्टिक कुर्सि टेवल भाडाकुडा | ९४२१४ |
| जम्मा | | | १११२७१४ |

५८ **इन्टरनेट शूल्क** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा मितव्ययिता कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ ।गाँउपालिकाको कार्यालय, शाखा,वडा कार्यालय, स्वास्थ्य संस्था, तथा अन्य प्रहरीचौकी लगायतका स्थानमा इन्टरनेट सेवा उपलब्ध गराउने शर्तमा पालिकाले पि डि एस सर्भरसंग रु. १०३०२०० मा सम्झौता गरेकोमा पुनः सोही

स्थानमा अन्य सेवा प्रदायक कम्पनीसंग रु. १७४६३४, सोही पि डि एस सर्भरसंग रु. २५१००० पटके खरिद तथा गत वर्षको इन्टरनेट वापत सनराईज केवल नेटवर्क प्रा लिलाई रु. ३२४७० गत वर्षको भुक्तानी दिन बाँकि दायित्व नसारी यस वर्ष पालिकाले इन्टरनेट जडान नविकरण तथा मर्मत वापत रु. १४८८३०५ खर्च गरेको देखिएको छ ।

५९ **भरपाई पेस नभएको** -

**७७।२०८१।३।२४** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। दलित लक्षित वर्ग कार्यक्रममा दलित लक्षित वर्ग कार्यक्रम उपभोक्ता समितिले २१० थान ल्यापटप व्याग एम.ई इन्टरप्राइजेज अनामनगरबाट रु.३,१४,४२२।- मा खरिद गरेको विल पेश भएकोमा ६० थान ल्यापटप ब्याग वितरण गरेको नदेखिएकोले प्रति थान रु १४९७ ले हुने रु.८९,८३४।– को ब्याग वितरणको भरपाई पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,८३४ |

६० **स्थानीय भत्ता** -

अर्थ मन्त्रालय मिति २०७१।५।२० को पत्र अनुसार २०७१।४।१ देखि लागु हुनेगरि स्थानीय भत्ताको प्रयोजनको लागी जिल्लाहरुलाई क, ख, ग र घ श्रेणीमा विभाजन गरी सोहि बमोजिम स्थानीय भत्ताको दररेट निधोरण गरेर स्थानीय भत्ता भुक्तानी भइरहेकोमा राज्य पुर्नःसंरचनामा गै सकेपछि पनि स्थानिय तहमा कार्यरत कर्मचारीहरुलाई स्थानीय भत्ता उपलब्ध हुँदै आएको छ ।यसरी भौगोलिक क्षेत्र निर्धारण गरी पालिकामा कार्यरत स्थायी कर्मचारीहरुमध्ये अधिकृत स्तरले रु.११,२५०।- सहायक स्तर पाचौंले रु.७,३५०।- र सहायक स्तर चौथोले रु.६१५०।- का दरले स्वास्थ्य तर्फका २२ जना र पालिका तर्फका ११ गरी जम्मा ३३ जना कर्मचारीले बार्षिक रु.१५ लाख स्थानीय भत्ता भुक्तानी लिएको देखिन्छ ।

६१ **सोझै तथा टुक्रे खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रु.पैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमबाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा प्याकेजिङ्ग तथा रिप्याकेजिङ्ग गरी ठेक्का सम्झौता गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायबमोजिम मेशिनरी औजार, फर्निचर, मसलन्द तथा कार्यालय साम्राागी सोझै खरिद गरि रु.७६,८३,३२३।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापकोनाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | २५/१०/२०८० | २०० | | सामान मर्मत वापतको रकम भुक्तानीकोअभिलेख। - | १,२१,०८५.०० |
| २ | २५/१०/२०८० | २०२ | | मेशिनरी औजार मर्मत | ३,६०,३५०.०० |
| ३ | १७/११/२०८० | २३५ | | सवारी साधन मर्मत | १,५५,५४४.०० |
| ४ | १६/१२/२०८० | २७९ | | कार्यालयको मेशिनरी र मसलन्द सामाग्री | २,५१,१२०.०० |
| ५ | ०४/०१/२०८१ | ३३९ | मेशिनरी तथा औजार मर्मत | कम्प्यूटर र प्रिन्टर मर्मत | ७३,९००.०० |
| ६ | १२/०१/२०८१ | ३५२ | सम्भार तथा सञ्चालन खर्च | मेशिनरी औजार मर्मत | १,१५,२१०.०० |
| जम्मा | | | | | १०,७७,२०९.०० |
| १ | २५/१०/२०८० | ८ | | सुसमर्पण कम्प्युटर एण्ड मोवाइलसप | १९,६२,८००.०० |
| २ | २०८१/०२/३१ | २०७ | | दिपक मोटर साइकल एण्ड पार्टस | २,८७,६१०.०० |
| ३ | २३/०३/२०८१ | २५६ | मेशिनरी तथा औजार | प्रतिकइम्पेक्स। -२६५५५६<br>सुसमर्पण कम्प्युटर एण्ड मोवाइल सप-१९३२६५ | ४,६५,४६५.०० |
| जम्मा | | | | | २७,१५,८७५.०० |

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापकोनाम | विवरण | डेबिट |
|---|---|---|---|---|---|
| १ | ०२/०७/२०८० | ९३ | मसलन्द तथा कार्यालय सामाग्री | विविधि कार्यालय खर्च | ४७,७००.०० |
| २ | ०२/०७/२०८० | ९३ | | विविधिकार्यालयखर्चवापतकोरकमभुक्तानीअभिलेख। - | ४३,७२५.०० |
| ३ | ०२/०७/२०८० | ९४ | | विविधसामानवापतकोरकमभुक्तानी | ६,०३,४४०.०० |
| ४ | १६/०७/२०८० | १०६ | | कार्यालयकोसामानवापतकोरकमभुक्तानी | ७२,४००.०० |
| ५ | २५/१०/२०८० | २०१ | | मसलन्द सामाग्री छपाइ वापतको रकम भुक्तानी | ७७,९७०.०० |
| ६ | २५/१०/२०८० | २०३ | | मसलन्द सामाग्री वापतको रकम भुक्तानी | ५०,४९०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १७/११/२०८० | २३८ | | कार्यालयको सवारीसाधन मर्मत कार्यालय सामाग्री र छपाइ रकम भुक्तानी | २,०७,९३५.०० |
| ८ | १६/१२/२०८० | २७९ | | कार्यालयको मेशिनरी र मसलन्द सामाग्री वापतको रकम भुक्तानी | ३,९८,०१८.०० |
| ९ | २६/१२/२०८० | ३३५ | | कार्यालय मसलन्द सामाग्री वापतको रकम भुक्तानीको | ४,५२,६५४.०० |
| १० | १२/०१/२०८१ | ३५१ | | मसलन्द सामाग्री वापतको रकम भुक्तानी | २,८३,३४७.०० |
| ११ | २८/०१/२०८१ | ३७१ | | आश्वीन इन्टरप्राईजेजलाई रकम भुक्तानी | ९४,८८८.०० |
| १२ | २२/०२/२०८१ | ४४८ | | मसलन्द सामाग्री वापतको रकम भुक्तानी | ६३,३५०.०० |
| १४ | २४/०३/२०८१ | ५५७ | | कार्यालयको मसलन्दको सामान वापतको रकम भुक्तानी | १४,९४,३२२.७१ |
| जम्मा | | | | | ३८,९०,२३९.७१ |
| कुल जम्मा | | | | | ७६८३३२३ |

६२ **अनुगमन भत्ता -**

४ -२०८१।२।९ (प्रकोप व्यावस्थापन कोष) अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.५ मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनुपर्ने र बढीमा ३ जनाको टोली खटाउनुपर्ने व्यवस्था रहेको छ । सशस्त्र प्रहरी वल विपद व्यवस्थापन तालीम शिक्षालय कुरिनटार चितवनमा मिति २०८१।२।२ देखि २०८१।२।४ सम्म ३ दिन संचालित कार्यक्रममा अनुगमन गरेको भनि गा.पा अध्यक्ष सहित ७ जनाले अनुगमन भत्ता भुक्तानी भएकोमा तालिम शिक्षालयमा अनुगमन गरी भत्ता भुक्तानी हुनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २३,८०० |

६३ **गत वर्षको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा

आन्तरिक लेखापरीक्षकबाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रु. १ करोड ५५ लाख १२ हजार भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकि रकम एकमुष्ट गाउँसभाबाट पारित गराएर खर्च गरेको छ । पालिकाले गत बर्षको भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार भुक्तानी दिन बाँकी प्रमाणित गराएर मात्र खर्च लेख्नु पर्दछ ।

६४ **स्वास्थ्य तर्फको दरबन्दी पदपूर्ति -**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| **स्वास्थ्य संस्थाको किसिम** | **स्वास्थ्य संस्थाको संख्या** | **दरबन्दी** | **पदपूर्ती** | | **सेवाग्राहीको संख्या** | **औषधी वितरण रु.** |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| स्वास्थ्य केन्द्र/चौकी | ४ | २२ | १९ | ४९ | ३२७०८ | २८७९००० |

उक्त विवरण अनुसार पालिकामा जम्मा ४ वटा स्वास्थ्य केन्द्र/चौकीमा कुल २२ दरबन्दी रहेकोमा हाल १९ पद स्थायी र ४९ पद करार मार्फत पदपुर्ति गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

६५ **आमा सुरक्षा कार्यक्रम -**

संघिय सरकारबाट शर्त सहित हस्तान्तरित कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को बुँदा नं १.७.२ मा नेपाली महिलाको प्रजनन सम्बन्धी अधिकारलाई संरक्षण,प्रोत्साहन र सुरक्षित गर्ने प्रयोजनको लागि स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिलालाई आमा सुरक्षा कार्यक्रम अन्तरगत हिमाली जिल्लामा यातायात खर्च वापत रु.३,०००।-, कम्तिमा ४ पटक गर्भ जाँच गरेवापत रु.८००।- र प्रसुति गराउने स्वास्थ्य संस्थालाई एक जना महिलालाई सुत्केरी गराएवापत रु.२,५००।- भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा प्रसुती गराउँदा लाग्ने खर्च भुक्तानी गरी बाँकी रहेको रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्नेमा निम्नानुसारका कर्मचारीले आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्नको लागि लिएको पेश्की रकम फछ्यौट गर्दा खर्च नभई बाँकी रहेको रकम संघिय संचित कोषमा दाखिला नगरी पालिकाको सञ्चितकोषमा दाखिला गरेको देखिएकोले उक्त रकम संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | पेश्की फछ्यौट गर्ने पदाधिकारी | फिर्ता गर्नुपर्ने रकम रु. |
|---|---|---|
| २२०।२०८१।३।२४ | गणेश गुरुङ | २५८०० |
| २१४।२०८१।३।२४ | रविन थापा | ९८०० |
| जम्मा | | ३५६०० |

| असुल गर्नुपर्ने | ३५,६०० |
|---|---|

६६ **दोहोरो भुक्तानी -**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **१२०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६७ **संघिय सञ्चित कोषमा फिर्ता -**

मिति २०८० असार १० गतेको एघारौ गाँउसभा अधिवेशनको निर्णयले गाँउपालिका क्षेत्रभित्र बसोबास गर्ने गर्भवती महिलाहरुको लागि स्वास्थ्य संस्था सम्म पुर्याउन तथा उक्त संस्थामा उपचार तथा सेवा उपलब्ध नभएमा त्यहाँबाट सिफारिस गरेको स्वास्थ्य संस्था सम्म पुर्याउन र फर्काउने कार्यको लागि निशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने साथै निर्णय नं ५ मा अध्यक्ष सुत्केरी पोषण भत्ता वापत प्रति

सुत्केरी रु.१,०००।- उपलब्ध गराउने निर्णय गरी सोही निर्णय कार्यान्वयनको लागि गर्भवती तथा सुत्केरि महिलालाई निशुल्क एम्बुलेन्स सेवा सहयोग कार्यविधि २०७९ को दफा ४ बमोजिम र अध्यक्ष सुत्केरि पोषण भत्ता कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को दफा ३ बमोजिम पालिकाले आफ्नो आन्तरिक आयबाट खर्च गर्ने गरी निर्णय गरेकोमा संघिय सर्शतको स्वास्थ्य कार्यक्रमबाट भौ.नं. १७६।२०८१।३।२१ बाट अध्यक्ष सुत्केरी पोषण कार्यक्रम को लागि रु.९४,०००।- र रेफर गरिएको सुत्केरीको एम्बुलेन्स खर्च वापत रु.३,२४,२००।- गरी जम्मा रु.४,१८,२००।- खर्च लेखेको देखिएकोले संघिय सर्शतको रकम तोकिएको सर्श विपरित खर्च गरेको रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१८,२०० |

६८ **पर्यटन बोर्ड नेपाल**

पर्यटन बोर्ड नेपालले यस पालिकामा आ.व २०८०।८१ मा पृथ्वीनारायण शाहको ब्रतबन्ध पर्ने ठाउँमा सिढी निर्माण गर्न प्रदेशबाट २०,००,०००।- अनुदान दिएकोमा सोलाई ८० प्रतिशत मानी पालिकाबाट २० प्रतिशतले हुने ४,००,०००।- साझेदारि हुने व्यवस्था भए बमोजिम पालिकाले जनसहभागिता सहित रु.२६,०८,८२५।२८ को लागत अनुमान गरी पृथ्वीनारायण शाहको ब्रतबन्ध स्थल निर्माण उपभोक्ता समिती गठन गरी २०८०।१।२६ गते काम शुरु गर्न आदेश दिएर सम्झौता गरेको छ। उपभोक्ता समितिले कार्य सम्पन्न गरेको अनुगमन गरि काम सम्पन्न भएको प्रतिवेदन २०८०।३।२० मा रु.२६,०८,८२५।२८ को पेश गरेको छ।पालिकाले आफ्नो आन्तरिक स्रोतबाट भुक्तानी गर्नुपर्ने हिस्सा बजेट अभाव देखाई पर्यटन बोर्डबाट प्राप्त रु.१८,४०,३००।- भौचर नं २।२०८०।१२।१३ बाट भुक्तानी दिएको छ।अतः पालिकाले आफ्नो साझेदारी अनुसार लागत सहभागिता गरिनुपर्दछ।

६९ **बढि दरमा सेशन**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ साथै प्रति सेशन तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकले प्रशिक्षण गरे वापत रु.६००।- र कार्यपत्र वापत रु.७००।- गरी रु.१,३००।- पाउने उल्लेख छ ।पालिकाले राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत ५ दिने होटल कुक सम्बन्धी तालिममा स्रोत व्यक्ति लाई प्रति सेशन २,०००।- का दरले भुक्तानी दिएकोले देहायका प्रशिक्षकबाट रु.२३,८००।- बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| भौ.नं र मिती | कार्यक्रम नाम | प्रशिक्षकको नाम | सेशन | प्रति सेशन दिनुपर्ने | दिएको | बढी दिएको कर बाहेक |
|---|---|---|---|---|---|---|
| ४।२०८१।३।२३ | ५ दिन होटल कुक सम्बन्धी | शंकर सिलवाल | २० | १,३०० | २,००० | ११,९०० |
| ४।२०८१।३।२३ | ५ दिन होटल कुक सम्बन्धी | लक्ष्मी गिरि | २० | १,३०० | २,००० | ११,९०० |
| जम्मा | | | | | | २३८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८०० |

७० **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पशु विकास कार्यक्रम तथा औषधि खरिद अन्तर्गत घाँसको बिउ वितरण गर्दा भौचर नं ६।२०८०।१०।१८ बाट रु.१,६८,१३५।- भुक्तानी दिएकोमा बिल परिक्षण गर्दा रु.१,६०,१३५।- मात्र पेश गरेकोमा रु.८,०००।- बढी भुक्तानि असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

७१ **औषधि खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२८,४०५.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **बिशेष निःशुल्क स्वास्थ्य शिविर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिशेष निःशुल्क स्वास्थ्य शिविर संचालन शिर्षकबाट ढोला स्वास्थ्य चौकीमा कार्यक्रम संचालक रवीना थापाले १ दिने शिविर संचालन गरकोमा के कति सेवाग्राहि लाभान्वित भए सो कार्यक्रममा के कुन रोग सम्बन्धी स्वास्थ्य शिविर संचालन गरेको र शिविरमा को को डाक्टरहरुको उपस्थिती थियो सोको प्रमाण अभिलेख पेश नभएकोमा भौ.नं. १८।२०८१।२।११ बाट धादिङ्ग क्रिक रिसोर्ट लाई रु.२,९४,१९५।- भुक्तानी गरेको छ। स्वास्थ्य शिविर संचालनमा बिरामिको अभिलेख राख्नुपर्नेमा धादिङ्ग क्रिक रिसोर्टको बील राखी खर्च लेखेको नियमित नदेखिएको रु.२,९४,१९५।-

| | |
|---|---|
| अनियमित भएको | २,९४,१९५ |

७३ **प्रोत्साहन भत्ता** -

आयकर ऐन २०५८ को दफा ८७ मा प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुचि १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ पालिकाले लेखा अधिकृत बिदुर शर्मा नेपाललाई प्रोत्साहन भत्ता रु १,४४,२६८।- भुक्तानी गर्दा १५ प्रतिशतका दरले रु २१,६४०।- कट्टा गर्नुपर्नेमा १ प्रतिशतका दरले रु १,४४३।- मात्र कर कट्टा गरेकोले नपुग कर रु २०,१९७।- असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४०,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३८,१२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **१४,६७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१३,४१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **३७,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३३,०२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१९७ |

७४ **फिल्ड भत्ता** -

आयकर ऐन २०५८ को दफा ८७ मा प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुचि १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको

छ पालिकाले इन्जिनियर जयराम अर्याललाई फिल्ड भत्ता वापत रु १,५७,२७२।- भुक्तानी गर्दा १५ प्रतिशतका दरले रु २३,५९१।- कट्टा गर्नुपर्नेमा १ प्रतिशतका दरले रु १,५७२।- मात्र कर कट्टा गरेकोले नपुग कर रु २२,०१८।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,०१८ |

७५ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष पालिका चालु शिर्षकबाट विविध खर्चमा रु. ५०,००,०००।- बजेट विनियोजन गरेकोमा विविध खर्च, अतिथि सत्कार, गाउँसभा सञ्चालन खर्च, खाजा तथा खाना लगायतमा रु.५०,००,०००।- नै खर्च लेखाङ्कन गरेको छ। खर्चको मापदण्ड निर्धारण गरिनुपर्दछ ।

७६ **प्रविधि हस्तान्तरणमा लागत सहभागिता नरहेको** -

१४३।२०८१।३।१६ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ।उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्राहीले कुल मुल्यको २० प्रतिशत बराबरको रकममा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने उद्देश्यले रु.१,९०,०००।- बराबरको दुनाटपरी बनाउने हाइड्रोलिक मेसिन प्रविधि हस्तान्तरण गरी ७ नं वडा कार्यालयमा राखिएको भएतापनि लागत सहभागिताको हिस्सा रु.३८,०००।- नदेखिएकोले कार्यविधिमा उल्लेख गरेको लाभग्राहीको हिस्सा सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने र लाभग्राहीको हिस्सा वापतको २० प्रतिशत असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,००० |

७७ **प्रशिक्षक भत्ता** -

१४३।२०८१।३।१६ अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक सरकारका तह अनुसार छुट्टा छुट्टै निर्धारण गरेको छ । सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम रु.८००।- पाउने व्यवस्था रहेकोमा पालिकामा सञ्चालित गरिबि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत सात दिने दुग्ध उत्पादन तथा प्रशोधन स्तरोन्नती सम्बन्धी तालिममा सहजिकरण गरेवापत कार्यालयका कर्मचारी पशु चिकित्सक डा. सुलभ श्रेष्ठलाई मिति २०८१।२।२१ देखि २७ सम्म सञ्चालित कार्यक्रममा २८ सेसनको प्रति सेसन रु.३,०००।- का दरले जम्मा रु.८४,०००।- भुक्तानी गरेको देखिएकोले सो निर्देशिका बमोजिम निजले रु २२४०० मात्र पाउनेमा यसरी निर्देशिका विपरित भुक्तानी भएको रकम करबाहेक रु.५२,३६०।- सम्बन्धित व्यक्तिबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,३६० |

७८ **विद्यालय र विधार्थी संख्या** -

पालिकाले तयार पारीशिक्षा मन्त्रालय, शिक्षा तथा मानव श्रोत केन्द्र मा पठाएको शैक्षिक सत्र २०८० चैत को विवरण अनुसारदेखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३२ | ४७३८ |
| २ | संस्थागत विद्यालय | २ | १७५ |
| | **जम्मा** | **३४** | **४९१३** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ४९१३ रहेकोमा ९६ प्रतिशत सामुदायिक र ४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

७९ **सामुदायिक विद्यालयको दरबन्दी र पद्पुर्ती -**

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ३२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २१८ | १४५ | ७० | ३ |

उक्त विवरण अनुसार पालिकामा जम्मा २१८ दरबन्दी रहेकोमा १४५ जना स्थायी पदपूर्ती र ७० जना राहत/करारमा नियुक्त गरी जम्मा २१५ पदपूर्ती गरेको देखिन्छ भने ३ पद रिक्त रहेका छन । दरबन्दी अनुसार रिक्त दरबन्दी पूर्ति गरिनुपर्दछ ।

८० **शिक्षक विद्यार्थि अनुपात -**

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८१ बैशाखमा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालयनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | वैष्णवी आ वि ज्वालामूखी १ | ० | १२ | - |
| २ | कालिका काप्राभञ्ज्याङ आ वि ज्वालामूखी १ | ६ | १४३ | १:२४ |
| ३ | खड्गदेवी आ वि आ वि ज्वालामूखी १ | ४ | ६४ | १:१६ |
| ४ | रातामाटा आ वि आ वि ज्वालामूखी १ | ३ | ३९ | १:१३ |
| ५ | पिपलटार आ वि आ वि ज्वालामूखी १ | ६ | १६२ | १:२७ |
| ६ | आदर्श आ वि आ वि ज्वालामूखी १ | १ | २१ | १:२१ |
| ७ | बुढीगण्डकी आ वि ज्वालामूखी १ | १ | ३६ | १:३६ |
| ८ | वौद्धधर्म आ वि ज्वालामूखी २ | ६ | ७९ | १:१३ |
| ९ | ठुलोचौर मा वि ज्वालामूखी २ | १० | २५४ | १:२५ |
| १० | संस्कृत तथा साधरण मा वि ज्वालामूखी २ | १६ | ४९४ | १:३० |
| ११ | ग्याल्मा आ वि ज्वालामूखी १ | २ | २० | १:१० |
| १२ | पासाङ्ल्हामु आ वि ज्वालामूखी १ | २ | ४० | १:२० |
| १३ | अमरावती मा वि ज्वालामूखी ३ | ११ | १८४ | १:१६ |
| १४ | शमीभञ्ज्याङ मा वि ज्वालामूखी ३ | १८ | ३२२ | १:१७ |
| १५ | वालज्योती आ वि आ वि ज्वालामूखी ४ | ३ | ५० | १:१६ |
| १६ | जागृती आ वि आ वि ज्वालामूखी ४ | २ | १५ | १:७ |
| १७ | ज्ञानज्योती आ वि ज्वालामूखी ४ | १ | २९ | १:२९ |
| १८ | मण्डली आ वि ज्वालामूखी ४ | ६ | १०६ | १:१७ |
| १९ | कालिका मा वि ज्वालामूखी ४ | १३ | २९८ | १:२२ |
| २० | वराहकालिका मा वि ज्वालामूखी ४ | १६ | ३७७ | १:२३ |
| २१ | मनकामना आ वि ज्वालामूखी ५ | २ | ४ | १:२ |
| २२ | अन्नपुर्ण मा वि ज्वालामूखी ५ | ८ | १७९ | १:२२ |
| २३ | वालादेवी मा वि ज्वालामूखी ५ | ६ | १८० | १:३० |
| २४ | धुसेनी आ वि ज्वालामूखी १ | ३ | ५१ | १:१७ |
| २५ | त्रिपुरा सुन्दरी मा वि ज्वालामूखी ५ | १५ | ३०३ | १:२० |
| २६ | सुनछाँया आ वि ज्वालामूखी १ | ० | ७ | - |
| २७ | जलमुखी आ वि ज्वालामूखी १ | ० | १० | - |
| २८ | सिमलगैरी आ वि ज्वालामूखी १ | ५ | ११६ | १:२३ |
| २९ | सालवास आ वि ज्वालामूखी १ | ५ | १२५ | १:२५ |
| ३० | सुनखानी मा वि ज्वालामूखी ६ | १२ | ३९२ | १:३२ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | ज्ञानवोध आ वि ज्वालामूखी १ | ० | ३७ | - |
| ३२ | नवोदित आ वि ज्वालामूखी १ | २ | ३७ | १:१८ |
| ३३ | परोपकार आ वि ज्वालामूखी १ | ३ | २७ | १:९ |
| ३४ | स्थानपती आ वि ज्वालामूखी १ | ३ | २५ | १:८ |
| ३५ | भूवनेश्वरी मा वि ज्वालामूखी ७ | १० | १६२ | १:१६ |
| ३६ | सालवास मा वि ज्वालामूखी ७ | १७ | २४० | १:१४ |
| ३७ | शिवशक्ती वालविकास केन्द्र ज्वालामूखी १ | ० | ११ | - |
| जम्मा | | २१८ | ४६५१ | १:२१ |

उपरोक्त विवरण अनुसार २१८ शिक्षक संख्यामा ४६५१ विद्यार्थी संख्या रहेकोमा सोको अनुपात १:२१ रहेको छ ।बुढीगण्डकी आधारभूत विद्यालयमा १ शिक्षक बराबर ३६ विद्यार्थी रहेको छ भने मनकामना आधारभूत विद्यालयमा २ शिक्षक बराबर ४ विद्यार्थी रहेको छ।५वटा विद्यालयमा ईसिडी सञ्चालन गरेकोले शिक्षक विद्यार्थी अनुपात देखिएको छैन ।कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

८१ **प्रति विद्यार्थी लागत** -

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १९३४५३८७१ | १७१४४४९८८ | **४७३८** | ३९०३४.४० |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३९०३४।- रहेको छ।

८२ **शैक्षिक गुणस्तर** -

पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ३३० विधार्थीको सहभागी भएकोमा नतिजाको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **जि.पि.ए.** | **जम्मा विद्यार्थी** | **उत्तिर्ण विधार्थी संख्या** | **उत्तिर्ण प्रतिशत** |
|---|---|---|---|---|
| १ | ३.६१ - ४.०० | ३३० | १ | १ भन्दा कम |
| २ | ३.२१ - ३.६० | | १८ | ५.४ |
| ३ | ३.२१ भन्दा कम | | ८९ | २६.९६ |
| | **जम्मा** | | १०८ | ३२.७३ |

उल्लेखित तालिका अनुसार सामुदायिक विद्यालयबाट ३.६१ - ४.०० जि.पि.ए. ल्याउने १ जना विधार्थी जुन उत्तिण विद्यार्थी संख्याको १ प्रतिशत भन्दा कम हो, ३.२१ - ३.६० जिपिए ल्याउने १८ विधार्थी जुन उत्तिण विद्यार्थी संख्याको ५.४ प्रतिशत हो र ३.२१ भन्दा कम जि.पि.ए. ल्याउने विद्यार्थी ८९ जना जुन उत्तिण विद्यार्थी संख्याको २६.९६ प्रतिशत हो । जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको र सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत ३९०३४ रहेकोमा उत्तिण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

८३ **छात्रवृत्ति रकम** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMISको तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय

तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनामेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले विद्यार्थी संख्याका आधारमा रकम भुक्तानी गर्दा निम्नानुसारका विद्यालय मा IEMIS मा प्रविष्टि भएका छात्रा संख्या भन्दा बढी निकासा भएकोले बढी निकासा रकम असूल गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | निकासा भएको रकम | वितरण गरि भर्पाई पेश रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | बालदेवि मा वि | २७२०० | २४६०० | २६०० |
| २ | मण्डली आ वि | १५४०० | १४४०० | १००० |
| जम्मा रु. | | | | ३६०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०० |

८४ **प्रमाण पेश गर्नुपर्ने -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.७ बमोजिम स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी माध्यमिक तहमा गणित, अङ्गेजी र विज्ञान विषय पढाइरहेका, कम्प्यूटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने प्रस्ताव पेश गर्न लगाउने र ती छनौट भएका विद्यालयहरुलाई गणित, अङ्गेजी र विज्ञान विषयका Kits र Networking Internet आदि व्यवस्थापन गर्न लगाउँदा आवश्यक पर्ने फर्निचर, कम्प्यूटर, विद्युतिय उपकरण तथा अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामग्री व्यवस्थापन गर्न सुनिश्चितता कायम गरी एकमुष्ठ रुपमा अनुदान निकासा दिने व्यवस्था छ ।पालिका अन्तर्गतका निम्नानुसारका विद्यालयलाई तोकिएको क्षेत्रमा रकम भुक्तानी दिई उक्त रकम बैक खातामा रोक्का राखि कार्यसम्पन्न पश्चात मात्र बजेट निकासा गर्ने भनिएता पनि सोको बिल भरपाई र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा पेश नगरी रकम निकासा दिएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र स | विद्यालयको रकम | भुक्तानी विवरण | रकम |
|---|---|---|---|
| १ | सुनखानी मा वि | ICT ल्याव निर्माण | ६५०००० |
| २ | सालबास मा वि | शैक्षिक गुणस्तरको लागि आवश्यक ब्रियाकलाप | २००००० |
| जम्मा | | | ८५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५०,००० |

८५ **पाठ्य पुस्तक -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा ७५ प्रतिशत रकम निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग भएमा मात्र बाँकी रकम भुक्तानी दिनुपर्नेमा सो को तथ्याङक भिडान गर्दा निम्नानुसारका विद्यालयमा पाठ्यपुस्तक वापतको रकम बढी निकासा भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम | भुक्तानीहुनुपर्ने रकम | भुक्तानी भएकोरकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | स्थानापति आ .वि. | ६७५४ | ९४७० | २७१६ |
| २ | सुनखानी मा. वि . | २०७५९६ | २३०२१९ | २२६२३ |
| ३ | ज्ञानज्योति आ. वि. | १०९५६ | १२६५५ | १६९९ |
| ४ | मण्डली आ. वि. | ५०४३२ | ५१७६६ | १३३४ |
| ५ | कालिका मा. वि. | १५५३५५ | १६३२८१ | ७९२६ |
| ६ | मनकामना आ. वि. | ० | १२२६ | १२२६ |
| ७ | जागृति आ. वि. | ० | ३७४० | ३७४० |
| ८ | बालादेवि मा. वि . | १०४४६६ | ११२९७३ | ८५०७ |
| ९ | खड्गदेवि आ. वि. | २७०६२ | २८२७९ | १२१८ |
| १० | ठूलो चौर मा. वि. | १३२२२७ | १५१६२२ | १९३९५ |
| ११ | शमिभञ्जाङ मा. वि. | १४३५९९ | १६४११० | २०५११ |
| १२ | सालवास मा. वि. | १३२३९८ | १३८९९५ | ६५९७ |
| १३ | भुवनेश्वरी मा. वि. | १०४७६८ | ११४४०८ | ९६४१ |
| जम्मा | | | | १०७१३३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,४२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१३,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,२३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१२,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **४,५१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,९६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१६,२५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३९,३१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,१३३ |

८६ **लेखापरीक्षण प्रतिवेदन -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८०१ अनुसार पालिकाले यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयहरु बर्ष भरिमा आफूले प्राप्त गरेको आम्दानि र खर्च गरेको आर्थिक कारोबारको लेखापरिक्षण गराउनुपर्ने र लेखापरिक्षणको प्रतिवेदन पालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेमा निम्नानुसारका विद्यालयहरुले लेखापरीक्षणको प्रतिवेदन पालिकामा पेश गरेको पाइएन। लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

| क्र स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | सामि भञ्ज्याङ मा वि | १०००० |
| २ | सिमलगैरी आ वि | १०००० |
| जम्मा | | २०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

८७ **सामुदायिक सिकाई केन्द्र -**

१७२।२०८१।३।२१ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं २.७.१३.१३ मा पालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्नका लागि पालिकाले अनुदान दिन सक्ने र सिकाई केन्द्रले सोको बिल भरपाई खर्च विवरण र लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले आ.व. २०८०।२०८१ मा चैनपुर सामुदायिक सिकाई केन्द्रलाई रु. २,५०,०००।- भुक्तानी दिएकोमा सो को खर्च विवरण र लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

८८ **अवकास पछिको तलब -**

शिक्षा नियमावली २०५९ अनुसार सामुदायिक विद्यालयका शिक्षकहरुको तलव भत्ता निकासा गर्दा विद्यालयले कितावखानाबाट प्रमाणित तलवी प्रतिवेदन अनुसार निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ न ७३ मिति २०८०।१२।१९ विद्यालयको तेश्रो

चौमासिक निकासा गर्दा वराहकालिका माध्यामिक विद्यालयका शिक्षक श्री शिवलाल श्रेष्ठलाई रु.४३,२२२।- निकासा दिनुपर्नेमा रु.४६,३१०।- निकासा दिएको देखिएकोले बढी निकासा भएको रु.३,०८७।– सम्बन्धितबाट असुल गर्नु संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०८७ |

८९ **विमा कार्यक्रम**

१) पालिका क्षेत्रभित्रका कृषकहरुले पाली आएका पशुहरुको अचानक हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने उदेश्यले पशु बिमा गर्दा लाग्ने कुल बिमाङ्कमा संघीय सरकारले ८० प्रतिशत अनुदान दिएकोमा बाकी २० प्रतिशतको ६० प्रतिशत गाउपालिकाले अनुदान उपलब्ध गराउन अनुदानमा आधारित पशु बिमा कार्यविधि, २०७९ तर्जुमा गरि कार्यान्वियनमा ल्याएको छ।यस बर्ष पालिकाले बर्ष भरि ८५९ पशुहरुको बिमा गरेकाको शिखर इन्स्युरेन्सलाई अनुदान रु.६,४१,२९८।- भुक्तानी गरेको छ।पालिकाले के कति पशु चौपाया बिरामी भइ मृत्यु भएकोमा कृषकहरुले क्षतिपूर्ति पाए भन्ने विवरण पेश हुन सकेन साथै कार्यविधिको दफा ४ मा वडा शाखा र गाँउपालिकाबाट अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा सो समेत गरेको पाइएन।

२) स्वास्थ्य सम्बन्धी मौलिक हक अनुसार गाउँवासीमा पुर्‍याउने उदेश्यले गाउँपालिकाको क्षेत्रभित्र बसोबास गर्ने जनसमुदायलाई स्वास्थ्य विमा कार्यक्रमा अधिकतम पहँच अभिबृद्धि गर्न स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधी, २०८० तर्जुमा गरी कार्यान्वियनमा ल्याएको छ।दफा ४ मा पालिकाबाट पहिचान गरिएका लक्षित वर्गका नागरिकहरुलाई वडा कार्यालयको सिफारिस र यस कार्यविधि अनुसार गठित समितिको निर्णयका आधारमा स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराइने उल्लेख छ। यस बर्ष पालिकाले २१० घरधुरीको बिमा गराए वापत भौ.नं ३०।२०८१।३।२२ बाट निर्मला भण्डारीलाई रु.५,२१,६५०।-र भौ.नं. १६।२०८१।२।३ बाट विमा बोर्डलाई रु.२,८९,८००।- गरि रु.८,१८,८५०।- भुक्तानी गरेको छ। दफा ९ मा यस कार्यक्रमको सञ्चालन व्यवस्थापन र अनुगमनको लागी उपाध्यक्षको संयोजकत्वमा समित गठन गर्ने व्यवस्था भएकोमा पालिकाले यसको अनुगमन र मूल्याङ्कन गरि त्यसको प्रतिवेदन तयार गरेको छैन।

३) गाउँपालिकाले पालिकाभित्र स्थायी बसोबास गर्ने व्यक्तिहरुको सरकारी स्वास्थ्य संस्थामा छोरीको जन्म भएमा पालिकाको तर्फबाट ५० हजार बराबरको जीबन बिमा गर्ने भनी आ.व २०७९।८० को नीती तथा कार्यक्रमको कार्यान्वियनको लागी छोरी जीवन बीमा गर्ने सम्बन्धी कार्यविधि, २०७९ तयार गरेको छ। दफा ३ मा जीवन बीमा गर्नका लागि छोरी सरकारी स्वास्थ्य संस्थामा जन्मेको प्रमाण सहित पालिकामा स्थायी बसोबास गर्ने परिवारले अनुसूचि १ बमोजिमको ढाँचामा जन्मेको ९० दिनभित्र निवेदन दिनुपर्ने उल्लेख छ। साथै दफा ६ मा अध्यक्षको संयोजत्वमा एक बीमा कार्यान्वयन समिति रहने र दफा ९ मा निर्णय भइ आएका निवेदनको एक पटक मात्र बिमा गरिने कुरा उल्लेख छ।यस बर्ष पालिकाले राष्ट्रिय विमा संस्थानलाई रु.५,००,०००।- छोरि बीमा गरेको रकम भुक्तानी गरेकोमा बिमा गराउनको के कति छोरीको बिमा गरेको हो भन्ने एकिन तथ्याङ्क नराखेको तथा विमाको लागि कार्यान्वियन समितीले अनुगमन गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन समेत गरेको छैन।

९० **कोखदेखि शोकसम्म ज्वालामुखी सरकार**

गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा सहयोग कार्यविधि,२०७९ को ४ मा स्वास्थ्य संस्था तथा अस्पतालले गर्भवती तथा सुत्केरी महिलालाई दिएको सेवाको विवरण खुल्ने गरी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,स्वास्थ्य संस्थाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपी साथै मातृ सेवा कार्ड स्वास्थ्य शाखामा पेश गर्ने र सो निवेदनहरु माथि समितिले बैठक बसी विद्यमान तोकिएको भाडादर वापतको एम्वुलेन्स शुल्क वैठकको निर्णय पश्चात सम्बन्धित एम्वुलेन्स धनि वा समितीलाई भुक्तानि दिने उल्लेख छ। तर पालिकाले भोचर नं. ५ बाट २०८०।११।१५ मा मैदी स्वास्थ्य चौकीका प्रमुख श्री विष्णु विश्वकर्मा लाई रु.१,२७,५००।- र सालवास स्वास्थ्य चौकीका प्रमुख श्री गणेश गुरुङ्ग लाई रु.१,२१,०५०।- गरी कुल रु.२,४८,५५०।- एम्बुलेन्स धनि वा समितीलाई बुझाउनुपर्नेमा स्वास्थ्य संस्था प्रमुखलाई बुझाएको अनियमित देखिएको रु. रु.२,४८,५५०।

| | |
|---|---|
| अनियमित भएको | २,४८,५५० |

९१ **अनुदान व्यवस्थापन -**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १० | १५००००० |
| २ | पशु तर्फ | २ | ६०७००० |
| जम्मा | | १२ | २१०७००० |

उपरोक्त विवरण अनुसार कृषि तर्फका १० कार्यक्रममा रु. १५ लाख र पशु तर्फका २ कार्यक्रममा रु. ६ लाख ७ हजार गरी जम्मा १२ कार्यक्रममा रु. २१ लाख ७ हजार अनुदानमा वितरण गरेको छ ।

## ९२ सामाजिक सुरक्षा भत्ता

आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र स | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | २४६५३ | ४१५१ | १६.८४ | १६२७६२८३२ |

पालिकाले यस वर्ष ४१५१ जनालाई लाभग्राहिलाई रु. १६२७६२८३२ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या २०७८ को जनगणना अनुसारको जनसंख्याको तुलनामा १६.६८ प्रतिशत हो ।

## ९३ इन्धन खर्च -

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा चार पाङ्ग्रे सवारी साधन ४ वटा तथा दुई पाङ्ग्रे सवारी साधन २७ वटा गरी जम्मा ३१ वटा सवारी साधन रहेका छ ।यस वर्ष पालिकाले इन्धन पदाधिकारी तथा अन्य वापत रु ५१ लाख वजेट विनियोजन गरेकोमा विनियोजन बराबरको नै खर्च गरेको र किलोमिटर खुल्ने गरी सवारी लगबुक समेत ब्यवस्थित गरेको नदेखिएकोले कुन प्रयोजनमा कति प्रयोग भएको स्पष्ट हुन सकिएन ।सवारीसाधन लगबुक राखि इन्धन खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

## ९४ अध्ययन अवलोकन भ्रमण खर्च -

यस वर्ष पालिकाका ७० जना कर्मचारी तथा जनप्रतिनिधिले पूर्वि नेपालको विभिन्न भागमा स्थानीय तहले विभिन्न क्षेत्रमा गरेको विकास निर्माण लगायतका कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास अवलोकन गर्न मिति २०८०।८।४ देखि ८ सम्म ३९ जना तथा मिति २०८०।९।१२ देखि १६ सम्म ३१ जनाले अध्ययन अवलोकन भ्रमण गरी रु.८,१२,८६०।- खर्च गरेको देखिएको छ।उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्वन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन ।

## ९५ प्रधानमन्त्री रोजगार कार्यक्रम -

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने

व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ ।तर गाउँपालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ.व. मा पालिका अन्तर्गतका ६ वटा वडामा १४ वटा कार्यक्रम सञ्चालन भई रू.५३,४७,२२७।- खर्च भएको र ३ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु.३० हजार र तवल भत्ता मा रु.१४ लाख ७० हजार खर्च भएको निम्नानुसार छन् ।

| **वडा नं** | **कार्यक्रम/योजना संचालन** | **रोजगार संलग्न संख्या** | **रोजगार दिन संख्या** | **दर** रु. | **कुलखर्च रकम** |
|---|---|---|---|---|---|
| १ | छापथोक सालघारी, काफलस्वाँरा, पालेबन, गुप्ती पुल गोरेटो बाटो पार्ट-१ | ४ जना | २९२ | ६८० | १९८५६० |
| | छापथोक सालघारी, काफलस्वाँरा, पालेबन, गुप्ती पुल गोरेटो बाटो पार्ट-२ | ८ जना | ८०० | ६८० | ५४४००० |
| २ | धारापानी देखि हटिया, झगरेडाडाँ, गैरीगाउँ गोरेटो बाटो फलेते, कामीगाउँ गोरेटो बाटो | ६ जना | ५५९ | ६८० | ३८०१२० |
| | गोरेटो बाटो मर्मत वडा नं -२ | ४ जना | ३४१ | ६८० | २३१८८० |
| ३ | ग्याल्मा भट्टगाँउ, ठकुरी गाउँ, चिसापानी गोरेटो बाटो | १० जना | १००० | ६८० | ६८०००० |
| | बरामगाँउ, हटिया जोगिबन धारापानीगोरेटो बाटो | ५ जना | ४९८ | ६८० | ३३८६४० |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं ४<br>ठूलो पधेरा बहराकालिका सडक सोलिङ, मिलनचोक गैरिपुर्सुकबसुन्धरे र कालिका बाट खानीगाउँ गोरेटोबाटो निर्माण | १२ जना | ११०७ | ६८० | ७५२७६० |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं ५<br>मैदान त्रिपुरा, सिमलस्वारा, माझगाउँ दुईघरे,सिवले मुलबाटो चौरदेखि होउसे डाडाँ गोरेटो बाटो निर्माण | ६ जना | ३८८ | ६८० | २६३८४० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं ५,<br>देउराली देखि कामीगाउँ,मिलनचोक, कामीगाउँ देखि सार्कीगाउँ, छापथोक हटिया, मैदान गुरु.ङ घर मनकामना गोरेटोबाटो मर्मत | ७ जना | ७०० | ६८० | ४७६००० |
| ६ | सिढी बाटो निर्माण पार्ट -१ | ५ जना | ४११ | ६८० | २७९४८० |
| | सिढी बाटो निर्माण पार्ट -२ | १० जना | १००० | ६८० | ६८०००० |
| | साँधभञ्ज्याङ पहिरो नियन्त्रण -१ | १ जना | १०० | ६८० | ६८००० |
| | साँधभञ्ज्याङ पहिरो नियन्त्रण -२ | १ जना | ४२ | ६८० | २८५६० |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं ७<br>तल्लो रामपुर,माथिल्लो रामपुर,भदौरे,खतार्क गोरेटो बाटो | ११ जना | ७०५ | ६८० | ४७९४०० |
| **जम्मा** | | **९० जना** | **७९४३** | ६८० | **५३४७२२७** |

सुचिकृत ६८८ बेरोजगारमा महिला ४९६ र पुरुष १९२ रहेका छन सो मध्ये ९० जनाले मात्र रोजगारी पाएकामा अधिकतम १०० दिन र न्युनतम ११ दिन सम्म रहेको छ भने औसतमा ८८.२५ दिन कुल रोजगारी सृजना भएको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिकहरुको ज्यालामा रु.५३ लाख ४७ हजार खर्च भएकोमा सोहि कार्यक्रममा पालिकाको साझेदारी मा कुल निर्माण सामाग्रीमा रु.३७ लाख खर्च भएको, निर्माण सामाग्री नपुग भएको ठाउँमा रु.५३ लाख ४७ हजार भित्र रु.१० लाख ७१ हजार माटो र ढुगांको

काममा श्रमीक परिचालन गरी भुक्तानी भएको छ । निर्देशिका बमोजिम योजना बैङ्क अनुसार प्राथामिकतामा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी प्रदान गरिनुपर्दछ।

संपरीक्षणबाट थप भएको बेरुजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th><th>फिर्ता गरेको रकम</th><th>फिर्ता गर्न बाँकी रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>२२१४८३५९४</td><td>२०९१३०२३६।१८</td><td>१२३५३३५७</td><td>१२३३८३५७</td><td>१५०००</td></tr>
<tr><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त</td><td>२०३९४०००</td><td>१७०९२३९९</td><td>३३०१६०१</td><td>३३०१६०१</td><td>०</td></tr>
<tr><td>विषेश</td><td>१०००००००</td><td>८२१४२००</td><td>१७९५८००</td><td>१७९५८००</td><td>०</td></tr>
<tr><td>समपुरक</td><td>२५००००००</td><td>२०१३१५७३</td><td>४८६८४२७</td><td>४८६८४२७</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७६८७७५९४</td><td>२५४५५८४०८</td><td>२२३१९१८६</td><td>२२३०४१८६</td><td>१५०००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार प्रदेश सरकारबाट रु. ५ करोड ५३ लाख ९४ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमारु. ४ करोड ५४ लाख २८ हजार बजेट खर्च भई बाँकी रु.९९ लाख ६५ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै संघीय सरकारबाट रु.२२ करोड १४ लाख ८३ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु.२० करोड ९१ लाख ३० हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु.१ करोड २३ लाख ५३ हजार मध्ये रु.१ करोड २३ लाख ३८ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता भएकोमा बाँकी रु.१५००० देखिएकोमा मिति २०८१।६।६ मा नेपाल बैक मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छ । पालिकाले संघीय तथा प्रदेश सञ्चितकोष फिर्ता गर्नुपर्ने रकम समयमानै फिर्ता गर्नु पर्दछ।</td><td>०</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ज्वालामूखी गाउँपालिका, धादिंग , ज्वालामूखी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुमन पण्डित | २०७९-५-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम बहादुर ओली | २०८०-९-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७६९,८१९ | १६,६२१,२३२ | १०,१८६,३७९.२३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २९,५७७,४३०.२३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,९५४,०००.२३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २६,६२३,४३० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४४५००००० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२६४१८२३६.३६ | चालु खर्च | ४२०४४८९७५.२३ |
| प्रदेश सरकारबाट अनुदान | ६८७९१००० | पूँजीगत खर्च | ११९७८७४७७.०९ |
| राजश्व बाँडफाँट | ९१३९७३६४.५६ | वित्तीय/अन्य व्यवस्था | २१९०४७३८८.५१ |
| आन्तरिक आय | ५५४८४२१९.१५ | | |
| अन्य आय | १९७७२१२०८ | | |
| कुल आय | ७३९८१२०२८.०७ | कुल खर्च | ७५९२८३८४०.८३ |
| बाँकी मौज्दात | | २५०२८१८७.२४ | |

## अनुसूची - २

## बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैर बजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,६६,७५,३७२.१५ | ०.०० | ९,६६,७५,३७२.१५ | ६,१८,२१,१३८.९७ | ०.०० | ६,१८,२१,१३८.९७ |
| १३००० | अनुदान | | ३८,५२,४३,४०८.५३ | ०.०० | ३८,५२,४३,४०८.५३ | ४३,०४,३८,९८८.०० | ०.०० | ४३,०४,३८,९८८.०० |
| १४००० | अन्य राजस्व | | १,७९,१३४.०० | ०.०० | १,७९,१३४.०० | ३८,००,०००.०० | ०.०० | ३८,००,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | ४८,२०,९७,९१४.६८ | | ४८,२०,९७,९१४.६८ | ४९,६०,६०,१२६.९७ | | ४९,६०,६०,१२६.९७ |
| ३ | चालु | | ४२,०४,४८,९७५.२३ | ०.०० | ४२,०४,४८,९७५.२३ | ३७,६२,३७,६१५.०८ | ०.०० | ३७,६२,३७,६१५.०८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १९,८९,२३,२८७.०३ | ०.०० | १९,८९,२३,२८७.०३ | २०,९०,७५,६५२.७३ | ०.०० | २०,९०,७५,६५२.७३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १५,७१,५६,०४७.३४ | ०.०० | १५,७१,५६,०४७.३४ | १५,३६,७८,६११.३५ | ०.०० | १५,३६,७८,६११.३५ |
| २५००० | सहायता **(Subsidy)** | | १,२५,७५,१६७.०० | ०.०० | १,२५,७५,१६७.०० | ४,८५,०००.०० | ०.०० | ४,८५,०००.०० |
| २६००० | अनुदान | | २१,१४,७६७.०० | ०.०० | २१,१४,७६७.०० | ६६,९८,६२०.०० | ०.०० | ६६,९८,६२०.०० |
| २७००० | सामाजिक सुरक्षा | | ५५,४३,१००.०० | ०.०० | ५५,४३,१००.०० | ३५,३०,९००.०० | ०.०० | ३५,३०,९००.०० |
| २८००० | अन्य खर्च | | ४,४१,३६,६०६.८६ | ०.०० | ४,४१,३६,६०६.८६ | २७,६८,८३१.०० | ०.०० | २७,६८,८३१.०० |
| ४ | पूंजीगत | | ११,९७,८७,४७७.०९ | ०.०० | ११,९७,८७,४७७.०९ | १५,२४,६३,६७१.५७ | ०.०० | १५,२४,६३,६७१.५७ |
| ३१११० | भवन तथा संरचना | | २९,४६,४७४.०० | ०.०० | २९,४६,४७४.०० | ५,८२,०००.०० | ०.०० | ५,८२,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७०,४९,९४८.०० | ०.०० | ७०,४९,९४८.०० | १,०५,८३,४९२.०० | ०.०० | १,०५,८३,४९२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,९७,९१,०५५.०९ | ०.०० | १०,९७,९१,०५५.०९ | १४,१२,१७,५५४.५७ | ०.०० | १४,१२,१७,५५४.५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ८०,६२५.०० | ०.०० | ८०,६२५.०० | |
| ख) | कुल जम्मा भुक्तानी | | ५४,०२,३६,४५२.३२ | | ५४,०२,३६,४५२.३२ | ५२,८७,०१,२८६.६५ | | ५२,८७,०१,२८६.६५ | |
| ग) | बचत /कमी (ग = क-ख ) | | (५,८१,३८,५३७.६४) | | (५,८१,३८,५३७.६४) | (३,२६,४१,१५९.६८) | | (३,२६,४१,१५९.६८) | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १,५४,२६,२३२.५१) | | (१,५४,२६,२३२.५१) | ६,३७,१९९.३० | | ६,३७,१९९.३० | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | (४७,१६,८३८.६५) | | (४७,१६,८३८.६५) | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (७,३५,६४,७७०.१५) | | (७,३५,६४,७७०.१५) | (३,२०,०३,९६०.३८) | | (३,२०,०३,९६०.३८) | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ७,६४,४३,७३४.८४ | | ७,६४,४३,७३४.८४ | ७,५७,१९,७३१.२६ | | ७,५७,१९,७३१.२६ | |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २८,७८,९६४.६९ | | २८,७८,९६४.६९ | ४,३७,१५,७७०.८८ | | ४,३७,१५,७७०.८८ | |

| | | |
|---|---|---|
| लेखाप्रमूख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय |
| पालिकाबाट प्रमाणिकरण मिति : | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।